**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश डा. श्री कुमार चुडाल**

**माननीय न्यायाधीश श्री विनोद शर्मा**

**आदेश**

**०७७-WO-१२५६**

**मुद्दा- <u>उत्प्रेषणयुक्त परमादेश।</u>**

**जनहित संरक्षण मञ्च (प्रो पब्लिक)** को तर्फबाट आफ्नो हकमा समेत भरतपुर नगरपालिका वडा नं.१ देवघाट बस्ने **कार्यकारी अध्यक्ष वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्मा**..........................................................................१

**जनहित संरक्षण मञ्च**को सदस्य, रुपन्देही जिल्ला स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१० बस्ने **वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी**...................................................................१

**जनहित संरक्षण मञ्च**को सदस्य, कास्की जिल्ला, पोखरा महानगरपलिका वडा नं.१३ आर्वा बस्ने **विष्णुप्रसाद भुसाल**..................................................१

**जनहित संरक्षण मञ्च**को सदस्य, तेह्रथुम जिल्ला, म्याङ्गलुङ्ग नगरपालिका वडा नं.९ बस्ने **अधिवक्ता खगेन्द्र सुवेदी**....................................................१ **निवेदक**

**जनहित संरक्षण मञ्च**को सदस्य, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.२ सानेपा बस्ने नेपाल ल क्याम्पसमा वातावरण कानून अध्यापनरत **अधिवक्ता रूपा बस्नेत**.......................................................................१

**जनहित संरक्षण मञ्च**को सदस्य तथा काठमाडौं स्कुल अफ लको संरक्षण कानूनको सहायक शिक्षक ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका वडा नं १ बस्ने **अधिवक्ता संजय अधिकारी**......................................................१

जिल्ला मोरङ, शनिश्चरे गाउँ विकास समिति वडा नं.५ परिवर्तित पथरी शनिश्चरे नगरपालिका वडा नं.८ बस्ने **श्याममणी नेपाल**..........................१

तेह्रथुम जिल्ला, म्याङ्गलुङ्ग नगरपालिका वडा नं.१० घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.२९ कालिकास्थान बस्ने कानूनको विद्यार्थी **शिशिर सुवेदी**.........................................................................१

रामग्राम नगरपालिका वडा नं.३ बस्ने जनहित संरक्षण मञ्चमा कार्यरत **श्रद्धा सुमन आचार्य**.............................................................................१

नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं.४ बस्ने वर्ष २१ को जनहित संरक्षण मञ्च (प्रो पब्लिक) मा कार्यरत माथी उल्लिखित समेतको वारेस आफ्नो हकमा समेत **कुशल दुवाडी**...................................................१

**<u>विरुद्ध</u>**

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**, सिंहदरवार, काठमाडौं..............१
**अर्थ मन्त्रालय**, सिंहदरवार, काठमाडौं................................................१
**वन तथा वातावरण मन्त्रालय**, सिंहदरवार, काठमाडौं.............................१
**गृह मन्त्रालय, सिंहदरवार**, काठमाडौं.................................................१
**ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय**, सिंहदरवार, काठमाडौं....................१
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**, लुम्बिनी प्रदेश, बुटवल...........१
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**, गण्डकी प्रदेश, पोखरा........... १
**वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय**, गण्डकी प्रदेश, पोखरा................१
**जिल्ला समन्वय समिति**, पर्वत....................................................... १
**जिल्ला समन्वय समिति**, बागलुङ.....................................................१
**कुश्मा नगरपालिका**, कुश्मा, पर्वत......................................................१
**बागलुङ नगरपालिका**, बागलुङ.........................................................१
**जैमिनी नगरपालिका**, बागलुङ..........................................................१

**विपक्षी**

**बेनी नगरपालिका,** म्याग्दी..........................................................१

**रामपुर नगरपालिका,** पाल्पा..........................................................१

**जलजला गाउँपालिका,** लामखेत, जलजला, पर्वत....................................१

**चापाकोट गाउँपालिका,** स्याङ्जा......................................................१

**गल्याङ गाउँपालिका,** स्याङ्जा......................................................१

**कालीगण्डकी गाउँपालिका,** स्याङ्जा..................................................१

**रम्भा गाउँपालिका,** पाल्पा..........................................................१

**रुरु गाउँपालिका,** गुल्मी............................................................१

**ऋषिङ्ग गाउँपालिका,** तनहुँ..........................................................१

**घिरिङ गाउँपालिका,** तनहुँ..........................................................१

**घरपझोङ गाउँपालिका,** मुस्ताङ......................................................१

**प्रहरी प्रधान कार्यालय,** नक्साल, काठमाडौं...........................................१

**गण्डकी प्रदेश प्रहरी कार्यालय,** पोखरा...............................................१

**जिल्ला प्रशासन कार्यालय,** बागलुङ...................................................१

**जिल्ला प्रशासन कार्यालय,** पर्वत.....................................................१

**जिल्ला प्रशासन कार्यालय,** म्याग्दी...................................................१

**जिल्ला प्रशासन कार्यालय,** मुस्ताङ...................................................१

**जिल्ला प्रशासन कार्यालय,** गुल्मी.....................................................१

**जिल्ला प्रशासन कार्यालय,** तनहुँ......................................................१

**जिल्ला प्रशासन कार्यालय,** स्याङ्जा...................................................१

**जिल्ला समन्वय समिति,** बागलुङ......................................................१

**जिल्ला समन्वय समिति,** पर्वत........................................................१

**जिल्ला समन्वय समिति,** म्याग्दी......................................................१

**जिल्ला समन्वय समिति,** मुस्ताङ......................................................१

**जिल्ला समन्वय समिति,** गुल्मी........................................................१

**जिल्ला समन्वय समिति,** तनहुँ.........................................................१

**जिल्ला समन्वय समिति,** स्याङ्जा......................................................१

नेपालको संविधानको धारा ४६ तथा धारा १३३(२) र (३) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् यस अदालतको आदेश यसप्रकार छः-

## रिट निवेदनको संक्षिप्त तथ्य

१. देवनदी श्री कृष्णागण्डकीको विशेष वर्णन वेद, पूराण, इतिहास, रामायण, महाभारतादी ग्रन्थहरुमा पाइन्छ। कृष्णाभ्ा, मुक्तिधार्ा, चक्रनदी आदि श्री कृष्णागण्डकीका शास्त्रीय नाम हुन्। कालीगण्डकी यिनको लौकिक नाम हो। नेपालको पश्चिमाञ्चल क्षेत्रमा अवस्थित सिद्धभूमि हिमालय पर्वतबाट निस्किएकी श्री कालीगण्डकीमा भगवान् विष्णु स्वयं गण्डकीपुत्र बनेर विराजमान हुनुहुन्छ भने तेत्तीस कोटी देवताहरु हिरणगर्भ शालग्रामका विभिन्न रुपले कालीगण्डकीमै रहेका छन् भन्ने वाराह, स्कन्द, पद्मपूराणादिका प्रमाण भेटिन्छन्। यहाँ देवघाट, त्रिवेणू क्षेत्र, रूरू क्षेत्र, गलेश्वर क्षेत्र, मोदीबेनी, नृहसिंहधान, पलआश्रम, भरतआश्रम कालीगण्डकी क्षेत्रमा मोदी बेनी, नृसिंह धाम, जैमिति ऋषिघाट, कागबेनी लगायत दक्षप्रजापतिका साथै ऋषिमूनिहरुले तपस्या गरी यज्ञयज्ञादि गरी आफ्नो मनोकामना पूर्ति गर्ने गरेको ठाँउ पूर्तिघाट एक धामको रुपमा रहेको छ। कलियुगको पाँच हजार वर्ष बितेपछि भारतवर्षका सारा तीर्थहरु कालीगण्डकीमै आएर समाश्रित हुन्छन् भन्ने ब्रह्मवैवर्तादि पौराणिक ग्रन्थहरुमा उल्लेख गरिएको छ। संसारका जति पनि तीर्थधाममा पुगियोस् तर श्री कालीगण्डकी र मुक्तिक्षेत्रको दर्शनविना मुक्ति सम्भव छैन भन्ने पौराणिक वचन र सामाजिक मान्यता छ। श्री कालीगण्डकीका शालग्रामबिना विश्वका कुनै पनि तीर्थधाम र मठ मन्दिरका पूजा अनुष्ठान सम्पन्न हुँदैनन्। श्री कालीगण्डकी आदिम कालदेखि नै सभ्यताको आश्रयका रुपमा रहेको र श्री कालीगण्डकी प्रस्रवणक्षेत्रबाटै आर्ष सभ्यता मौलाएको हो। **(कालीगण्डकीः संस्कृति र सम्पदा पृष्ठ क, सम्पादक डा. जगन्नाथ रेग्मी, २०७६)** त्यस्तै सेती बेनी अर्को धार्मिक र सांस्कृतिक महत्त्व बोकेको क्षेत्र हो। शालिग्राम मध्ये सबै भन्दा ठूलो सेती बेनीको शालिग्राम हुन् र रुद्रबेनी, सेतीबेनी, कागबेनी राम्दीघाट (रामनदी धाम) पूर्तिघाट, हुंगी घाट, रामघाट केलादी घाट, वेलघाट, मणि मुकुन्द घाट लगायतका पवित्र पौराणिक तथा ऐतिहासिक महत्त्वका सैकडो घाटहरु रहेको पौराणिक, धार्मिक, सांस्कृतिक महत्त्वको क्षेत्र हो। **(कालीगण्डकीः संस्कृति र सम्पदा पृष्ठ क,**

**सम्पादक डा. जगन्नाथ रेग्मी, २०७६)** यसले श्री कालीगण्डकीको आध्यात्मिक आस्था सँगसँगै धार्मीक, जैविक, पूरातात्विक, सांस्कृतिक, पर्यावरणीय, भौगोलिक र पर्यटकीय महत्त्व रहेको स्पष्ट पार्दछ।

श्री कालीगण्डकी नदी दामोदर कुँडबाट निस्किएर मुक्तिनाथधाम, गलेश्वोरधाम, रुरु क्षेत्र धाम, त्रिवेणीधाम र  देवघाटधाम र चितवन राष्ट्रिय निकुञ्ज हुँदै भारतको गंगामा मिसिन पुग्छिन्। यस्ती पवित्र नदी श्री कालीगण्डकी नदीको प्राकृतिक बहावमा दख्खल दिने, कुनै पनि किसिमका दोहन (नदीजन्य पदार्थहरु झिक्ने), फोहोर ढल आदि मिसाउने तथा जलविद्युत निकाल्ने र पथान्तरण (diversion) लगायतका कार्य गरेमा जैविक विविधतामा असर परी विश्व सम्पदामा सूचिकृत चितवन राष्ट्रिय निकुञ्ज नै खतराको सूचीमा पर्न सक्ने तथा त्यस निकुञ्ज र वरपर आश्रीत नेपालको गौरवको रुपमा रहेको एकसिङ्गे गैंडा, एसियन हात्ती, घडियाल लगायतका जीवजन्तुहरु र त्यहाँको सम्पूर्ण जैविक विविधतामा समेत गम्भीर असर पर्न गई राष्ट्रिय निकुञ्जको अस्तित्व खतरामा पर्ने भई पर्यावरणको अस्तित्व समाप्त हुने स्थिति देखिन्छ। यस्को साथै श्री कालीगण्डकी सभ्यतामा उत्पत्ति भएको आदिवासी समूदायको जीवनयापन तथा सामाजिक सांस्कृतिक र आर्थिक गतिविधि अन्तर्गत उनीहरुको बाँच्न पाउने हक लगायत धार्मिक र सांस्कृतिक हक समेतमा गम्भीर असर पर्ने र परी रहेको देखिएकोले यसमा यस अदालतले मौलिक हकको रक्षकको हिसाबले हस्तक्षेप गर्न आवश्यक भएको निवेदन गर्दछौं।

साथै, गण्डकी प्रदेशबाट जारी भएको **ढुङ्गा गिट्टी, बालुवा उत्खनन्, सङ्कलन, क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि**को दफा ६ को उपदफा ५ मा "**असार १ गतेदेखि भदौ महिनाको १५ गतेसम्म ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् निषेध गरिएको छ**"। गण्डकी प्रदेश सरकारले बनाएको ढुङ्गा गिट्टी, बालुवा उत्खनन्, सङ्कलन, क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधिमा राजमार्ग, वस्तीभन्दा ५०० मीटर टाढा क्रसर उद्योग राख्ने उल्लेख गरिए पनि क्रसरहरु नदी भित्रै हुलेर बनाइएको तथा अधिकांश क्रसरहरु मापदण्ड नपुगेका छन्। कालीगण्डकी नदीको दोहनको निमित्त गण्डकी प्रदेश अन्तर्गत पर्ने बागलुङ जिल्लाको बागलुङ नगरपालिकामा र पर्वत जिल्लाको कुश्मा

नगरपालिका र जलजला गाउँपालिकाले ठेक्का मार्फत क्रसर व्यवसायीलाई नदीजन्य वस्तु निकासा गर्न दिए पनि प्रभावकारी अनुगमन नहुँदा समस्या हुँदै आएको छ। सम्बन्धित प्रहरी प्रशासन लगायतका जिम्मेवार निकायहरुले सो कार्यविधि विपरीत गई अनधिकृत तवरले जथाभावी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गरी रहेका व्यवसायीहरुको गैरकानूनी कार्यलाई त रोकेका छैनन् स्थानीय निकायहरुले नै उल्टै सो कार्यविधि विपरीत हुने गरी नीति बनाइ उत्खनन्लाई थप प्रश्रय दिएका छन्। कालीगण्डकीको उद्गम स्थल मुस्ताङदेखि कालीगण्डकीले छोएर बग्ने जिल्लामा सयौंको संख्यामा कालीगण्डकीका स्थानीय सरकारहरुले शालिग्राम पिस्ने क्रसरहरु लाई स्वीकृति प्रदान गरिदिएका छन् भने कतिपय प्रत्यर्थी स्थानीय प्रशासनको अकर्मण्यताका कारण गैरकानूनी रुपमा नदीजन्य गिट्टी बालुवा निकाली पवित्र शालिग्राम क्रसरमा पसी रहेका छन् भने कति चोरी निकासी गरी भारत पुराइएका छन्। नदीमा गोही, माछा, बकुल्ला लगायत हजारौं जलचर समाप्त भैरहेका छन् र यस्तो सुन्दर पवित्र कालीगण्डकी नदी हिउँदमा छाला मासु निकालिएको कंकाल जस्तो कुरुप देखिनुको कारण र यस्ता धेरै अनिष्टहरुको कारण दोहन नै हो। त्यस्तै, **फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २० मा** फोहोरमैलाबाट सो क्षेत्रमा पर्न सक्ने प्रतिकूल वातावरणीय प्रभावलाई यथाशक्य कम गरी प्रदूषणरहीत ढङ्गले व्यवस्थापन गर्ने दायित्व स्थानीय तहको हुनेछ भन्ने कुरा लेखिएको छ। हाल कालीगण्डकीमा विभिन्न स्थानीय निकायले फोहोर मिसाउने कुराले स्थानीय निकायहरुले कानून बमोजिम आफ्नो काम कर्तव्यको पालना समेत नगरिरहेको फोहोरमैला व्यवस्थापन ऐन समेत विपरीत भएको निवेदन गर्दछौं।

अतः नेपाल सरकारको श्री कालीगण्डकी नदीको प्राकृतिक बहावमा दखखल दिने, जलविद्युत र सिंचाइका लागि भनी नदी पथान्तरण (diversion) गर्ने, ड्याम बनाउने, श्री कालीगण्डकी जस्तो पवित्र नदीबाट समेत नदीजन्य गिट्टी बालुवा व्यापार घाटाको पूर्तिको नाममा निकाल्न सक्ने गरी निर्णय गर्ने र स्थानीय सरकारले श्री कालीगण्डकी जस्तो पवित्र नदीबाट नदीजन्य गिट्टी बालुवा मनपरी र गैरकानूनी ढङ्गबाट निकाल्ने/झिक्ने, फोहोर ढल आदि मिसाउने लगायतका कार्यले नेपालको संविधानको धारा १६, १८, २६, ३०, ३२, ५०, ५१ ले सुनिश्चित गरेको मौलिक हक तथा

राज्यका निर्देशक सिद्धान्त साथै तल्लो तटीय जनताको अधिकार सम्बन्धी सिद्धान्त (Lower riparian water right) तथा सङ्घीयताको मर्म मूल्य मान्यता समेतको विपरीत रहेको हुँदा पावन पवित्र श्री कालीगण्डकी लगायत त्यससँग सम्बन्धित तीर्थस्थलहरुको गरिमा र पवित्रता कायम राख्न तथा हामी निवेदक लगायत सम्पूर्ण सनातनी धर्माबलम्बीहरुको संविधानले प्रत्याभूत गरेका धार्मिक सांस्कृतिक एवम् स्वच्छ वातावरण बाँच्न पाउने हक, सांस्कृतिक, धार्मिक, सम्पदा, परम्पराको, संरक्षणका मौलिक हकहरुको सार्थक उपयोगका लागि श्री कालीगण्डकी र सो जस्ता अन्य पवित्र नदीहरु समेतबाट नदीजन्य पदार्थ ननिकाल्न दिनु भन्ने परमादेशको लगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ। श्री कालीगण्डकी जस्तो पवित्र नदीको प्राकृतिक बहाव परिवर्तन गर्ने, सिँचाइ तथा जलविद्युत उत्पादन लगायत कार्यमा प्रयोग गर्ने गरी गरिएका सम्पूर्ण निर्णयहरु उत्प्रेषणको आदेशले बदर गरिपाउँ। साथै, श्री कालीगण्डकीको प्राकृतिक बहावलाइ अवरुद्ध पार्ने गरी बनाइएका सम्पूर्ण संरचनाहरु हटाउनु, हटाउन लगाउनु र श्री कालीगण्डकी नदीलाई प्राकृतिक रुपमा नै बग्न दिने दिलाउने व्यवस्था गर्नु, गराउनु भनी नेपाल सरकारका सम्बन्धित मन्त्रालय र निकायका नाममा परमादेशको आदेश समेत जारी गरिपाउँ।

बागलुङ नगरपालिका, बेनी नगरपालिका, घरपझोङ गाउँपालिका, जलजला गाउँपालिका लगायतका प्रत्यर्थी नगरपालिका र गाउँपालिकाहरुसमेतले श्री कालीगण्डकी जस्तो पवित्र नदीबाट गिट्टी बालुवा निकाल्न पाउने गरी गरेको सम्पूर्ण निर्णयहरु र निकाल्न दिएका सम्पूर्ण ठेक्का पट्टाका सम्झौताहरु उत्प्रेषणको आदेशले बदर गरी प्रत्यर्थी नगरपालिका र गाउँपालिकाहरु समेतले श्री कालीगण्डकी जस्तो पवित्र नदीबाट गिट्टी बालुवा मनपरी तरिकाले निकाली रहेको हुँदा उक्त कार्य तत्काल रोक्नु रोक्न लगाउनु भनी नेपाल सरकार, गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय, प्रहरी प्रदेश कार्यालय र बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङ लगायतका प्रत्यर्थी जिल्ला प्रशासन कार्यालयहरुको नाममा परमादेशको आदेश जारी गरिपाउँ। साथै, प्रत्यर्थी नगरपालिका र गाउँपालिकाहरुसमेतले श्री कालीगण्डकी जस्तो पवित्र नदीमा ढल मिसाउने फोहोर फाल्ने लगायतका कार्य गरी रहेको हुँदा उक्त सम्पूर्ण कार्य तत्काल रोक्नु, नगर्नु

नगराउनु साथै अहिले उक्त क्षेत्रमा भएका फोहोर तत्काल हटाउनु भनी यी प्रत्यर्थीहरु सबैका नाममा परमादेशको आदेश जारी गरिपाउँ।

प्राकृतिक निधिहरुको अस्तित्व सङ्कटमा पार्नु प्रकृति अपराध हो। यो प्रकृति विरुद्धको जघन्य अपराध हो। यस्तो पर्याअपराधले तिब्रता पाएको र भविष्यमा अझ यसता अपराध बढ्दै जाने र यसका दोषीहरुको पहिचान गरी कारबाही नगरिएमा प्रकृतिको अन्धाधुन्ध दोहन नरोकिने र यसबाट सम्पूर्ण प्राणी, बनस्पति, जीवहरुको अस्तित्व नै खतरामा पर्ने निश्चित छ यसले भावी पुस्ताको स्वच्छ वातावरणमा बाँच्न पाउने संविधानले निर्दिष्ट गरेको अन्तर पुस्ता समन्यायको मर्म समाप्त हुने हुँदा यस अदालतले यस विषयलाई गम्भीरतापूर्वक सम्पूर्ण प्राणी जगत र प्रकृतिप्रतिको (जल, वायु, नदीनाला, वन, जङ्गल, पाहाड, कन्दरा, वन्यजन्तु अर्थात् सम्पूर्ण पारिस्थितिकिय प्रणाली) प्रतिको अपराधकोरुपमा व्याख्या गरी प्रकृतिको अधिकार (Environmental Personhood) सुनिश्चित गरी यसता कार्यलाई प्रकृति विरुद्धको अपराधको रुपमा व्याख्या गरी नेपाल सरकारका नाममा एक पर्याअपराध निर्देशिका जारी गरिपाउँ।

सम्मानित पोखरा उच्च अदालत, पोखराले बागलुङ नगरपालिका, बेनी नगरपालिका, घरपझोङ गाउँपालिका, बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङको जिल्ला प्रशासन कार्यालयको नाममा गाउँ/नगर सभाले आगामी आर्थिक वर्षको नीति निर्धारण तथा ठेकेदारसँग सम्झौता गर्दा कालीगण्डकी नदीको दुबै किनारबाट ढुङ्गा, गिट्टी, बालुवा, झिक्दा डोजर, एक्स्काभेटर लगायतका औजारहरुको प्रयोग पूर्ण रुपमा बन्देज लगाउने गरी नीति निर्धारण गर्न परमादेशको आदेश दिएकोमा सो आदेश समेतको पालना हालसम्म नगरी अवज्ञा गरी रहेकोले बागलुङ नगरपालिका, बेनी नगरपालिका, घरपझोङ गाउँपालिका, बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङको जिल्ला प्रशासन कार्यालय लगायतका सम्बन्धित पदाधिकारीहरु समेतलाई अदालतको अवहेलनामा समेत कारबाही गरिपाउँ श्री कालीगण्डकी नदीको प्राकृतिक बहावलाई पथान्तरण गरी रिर्जभवायर बनाउने, प्रदूषण गर्ने, नदीजन्य पदार्थहरु निकाल्ने, शालिग्रमको चोरी निकासी तथा बिनास गर्ने लगायतका अन्य प्राकृतिक बहाव र पर्यावरण पर्किकुल हुने गरी भइरहेको सम्पूर्ण कायहरुले निरन्तरता पाईरहेमा धार्मिक आस्था र विश्वासमा चोट पुगी अपुरणीय क्षति हुने हुँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश

जारी गरिपाउँ साथै प्रस्तुत विषय सार्वजनिक हित र सरोकारको महत्त्वपूर्ण भएकोले अग्राधिकार समेत दिई मागबमोजिम जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरिपाउँ भन्ने समेत बेहोराको **वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्मा समेत**को यस अदालतमा परेको रिट निवेदन।

२. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार कारण भए खुलाइ कुनै प्रमाण भए सो समेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ दिनभित्र विपक्षी नं. १, २, ३, ४, ५, २५, २६, २७, २८, २९, ३०, ३१, ३२ र ३३ का हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत तथा विपक्षी नं.६ का हकमा लुम्बिनी प्रदेशको मुख्य न्यायाधिवक्ताको कार्यालय मार्फत, विपक्षी नं. ७ र ८ का हकमा गण्डकी प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालय मार्फत र अन्य विपक्षीहरुका हकमा आफैं वा आफ्नो प्रतिनिधि मार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुको नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

साथै निवेदकले अन्तरिम आदेशको माग गरेको सम्बन्धमा विचार गर्दा देवनदी श्री कृष्णागण्डकीको विशेष वर्णन वेद, पूराण, इतिहास, रामायण महाभारत आदि ग्रन्थहरुमा पाइन्छ। कृष्णाभा, मुक्तिधारा, चक्रनदी आदि श्री कृष्णागण्डकीका शास्त्रीय नाम हुन्। कालीगण्डकी यिनको लौकिक नाम हो। परम पावन आर्यावर्त भूमिको शीर्षस्थ स्थान हिमवत्व खण्ड नेपालको पश्चिमाञ्चल क्षेत्रमा अवस्थित सिद्धभूमि हिमालय पर्वतबाट निस्किएकी श्री कालीगण्डकी विश्वकै पवित्र नदी हुन्। उक्त श्री कालीगण्डकी नदीको सौन्दर्यलाई नै असर पर्ने गरी नदीको प्राकृतिक बहावलाई परिवर्तन गर्ने, ड्याम बनाउने, शालिग्राम एवम् गिट्टी, बालुवा चोरी निकासी गर्ने उद्धेश्यले भएका निर्णय तथा कार्यहरु रोकी पाउँन प्रस्तुत रिट निवेदन परेको देखियो। श्री कालीगण्डकी नदी धार्मिक, ऐतिहासिक तथा पर्यावरणीय महत्त्वको देखिएकोले प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म उक्त नदीको प्राकृतिक बहावलाई पथान्तरण गरी रिजर्भवायल बनाउने, प्रदूषण गर्ने, नदीजन्य पदार्थहरु निकाल्ने, शालिग्रामको चोरी निकासी त बिनास गर्ने लगायतका अन्य प्राकृतिक बहाव र पर्यावरण प्रतिकूल हुने गरी कुनै पनि कार्यहरु नगर्नु

नगराउनु यथास्थितिमा राख्नु भनी विपक्षीका नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२) (क) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। प्रस्तुत आदेशको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार पेस गर्नु भन्ने समेत बेहोराको **यस अदालतबाट भएको मिति २०७८।०३।२९ को आदेश।**

३. यसमा प्रस्तुत निवेदनमा भएको अन्तरिम आदेश हेर्दा कालीगण्डकी नदीको बहाव रोक्ने, प्रदूषण गर्ने, ढुङ्गा गिट्टी, बालुवाको उत्खनन् जस्ता कार्यहरु गरी त्यसबाट वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावको विषयलाई लिएर अन्तरिम आदेश जारी भएको देखिएको, प्रस्तुत अन्तरिम आदेश निवेदक रुरु क्षेत्र गाउँपालिकाको विरुद्धमा मात्र जारी भएको नभई कालीगण्डकी नदी आसपास विपक्षी खण्डमा उल्लिखित सबै पालिकाहरुका विरुद्धमा जारी भएको देखिएको तथा निवेदकले उल्लिखित विषयको गम्भीरता र प्रभाव जस्ता पक्षहरुमा अन्तिम निरुपण हुँदाका बखतको हुनुपर्ने विषय रहेको देखिँदा निवेदन माग बमोजिम यस अदालतबाट मिति २०७८।०३।२९ मा जारी भएको अन्तरिम आदेश खारेज गर्नुपर्ने देखिएन। प्रस्तुत निवेदन ०७८-FN-०३०७ लगत कट्टा गरी कानून बमोजिम गर्नु भन्ने समेत बेहोराको **यस अदालतबाट भएको मिति २०७९।०३।०६ को आदेश।**

४. नदी खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन कार्यको लागि गाउँपालिका सरोकारवाला निकाय हो। नदी खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन तथा उत्खनन् ढुवानी गर्न स्वीकृति प्रदान गर्ने संस्था जलजला गाँउपालिका हो। वातावरण नियमावली, २०७६ ले प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची तथा प्रतिवेदन स्वीकृत गर्ने अधिकार सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई प्रदान गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई नदीजन्य पर्दाथको उत्खनन् तथा सङ्कलनबाट राजश्व आम्दानी गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। निवेदकले उठाएका विषय वस्तुमा जलजला गाउँपालिकाले कानून र संविधान विपरीत कुनै किसिमको कार्य गरेको छैन। जलजला गाउँपालिका लामाखेत पर्वतले नेपालको संविधान, प्रचलित ऐन कानून स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले आफैंले बनाएका ऐन, नियम, नीति, निर्देशिका मापडण्ड समेतका आधारमा काम कार्य गर्दै आएको छ। नदीजन्य वस्तुको सङ्कलनको योजना बनाइ कार्य सञ्चालन

गर्दा प्राकृतिक स्रोतको उचित उपभोग मात्र नभई नदी व्यवस्थापनमा पनि ठूलो सहयोग पुग्नेछ। निर्माणका लागि आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवा आदि समयमै वैज्ञानिक तरिकाद्वारा सङ्कलन हुँदा स्रोतमा आधारित उद्योगहरु र निर्माणका योजनाहरु सञ्चालनमा रही स्थानीयस्तरदेखि राष्ट्रियस्तरसम्म आपूर्तिको व्यवस्था हुनसक्छ।

कालीगण्डकी नदीको संरक्षणको विषयमा रिट निवेदकले उठाएको विषयमा जलजला गाउँपालिकाले स्वीकृत गरेको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पर्याप्त रहेको छ। प्रभावहरुको न्यूनीकरण र संलग्न वातावरणीय अनुगमन योजना कार्यान्वयन गरी तोकिएको स्थान र परीणामभित्र रहने गरी वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची २ को दायराभित्र पर्ने हुनाले प्रारम्भिक वातावरणीय परीक्षण नै पर्याप्त हुने देखिन्छ। सो बमोजिम काम गर्दा जलजला गाउँपालिकाका पक्षमा रिट जारी गरी रहनुपर्ने अवस्था छैन। ढुङ्गा, गिट्टी बालुवा सङ्कलन वा उत्खनन् गर्ने नदी कुनै विशेष संवेदनशील क्षेत्रमा पर्दैन। साथै यस क्षेत्र संरक्षित क्षेत्र, निकुञ्ज, चुरे क्षेत्र जस्ता वातावरणीय दृष्टीकोणले संवेदनशील क्षेत्रभित्र पर्दैन। जलजला गाँउपालिका वडा नं ४, ७ र ८ भएर बग्ने कालीगण्डकी नदी दिगो र वातावरणमैत्री रुपमा नदीजन्य पदार्थको सङ्कलन र उत्खनन् गर्ने कार्य आई.ई.ई प्रतिवेदनको आधारमा गरेको छ। आई.ई.ई प्रतिवेदन कार्यान्वयन गरिँदा ठूलो क्षति हुने वा अपेक्षाकृत धेरै प्रतिकूल प्रभावहरु पर्ने स्थिति जलजला गाउँपालिकाभित्र देखिँदैन।

जलजला गाउँपालिकाले कालीगण्डकी संरक्षण गरी आफ्नो क्षेत्रभित्र कहीं कतै ढलसमेत मिसाएको छैन। विज्ञहरुले गरेको आई.ई.ई प्रतिवेदनको आधारमा कालिगण्डकी नदीका किनारामा थुपारिएका बालुवा, गिट्टी, ढुङ्गा लगायतका वस्तु सङ्कलन गरी उपयोग गर्दा नदी सफा हुने, विकास निर्माण अघि बढने र बगेर भारत जाने वस्तुबाट राजश्व सङ्कलन भई देश विकासमा समेत टेवा पुग्नुका साथै सबै कार्य कानून र संविधान सम्वत् गरिएकोले जलजला गाउँपालिकालाई अनुमान र हचुवाका आधारमा आरोप लगाइ दायर भएको रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको **गण्डकी प्रदेश, पर्वत जलजला गाउँपालिका कार्यालय**का तर्फबाट पेस हुन आएको मिति २०७८।०४।१० को लिखित जवाफ।

५. कालीगण्डकी नदी गण्डकी प्रदेशको धार्मिक, ऐतिहासिक तथा पर्यावरणीय दृष्टीकोणले

महत्त्वपूर्ण नदी भएको र यसको संरक्षण र सम्वर्द्धन गर्न प्रदेश सरकार सदैव कटिवद्ध छ। विपक्षी रिट निवेदकले दावी गरेजस्तो कालीगण्डकी नदीको प्राकृतिक बहावलाई पथान्तरण गरी रिजर्भवायल बनाउने, प्रदूषण गर्ने लगायतका प्राकृतिक बहाव र पर्यावरण प्रतिकूल हुने सम्बन्धमा यस कार्यालयबाट कुनै निर्णय तथा निर्देशन नभएको अवस्थामा यस कार्यालयको कुन काम कारबाहीबाट संवैधानिक र कानूनी व्यवस्था उल्लङ्घन भएको हो? रिट निवेदनमा कहीं कतै खुलेको नदेखिएकोले यस कार्यालयको हकमा प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्ने समेत बेहोराको **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा**का तर्फबाट पेस हुन आएको मिति २०७८।०४।१२ को लिखित जवाफ।

६. विपक्षी रिट निवेदकको निवेदन जिकिर अनुसार कालीगण्डकी नदीको प्राकृतिक बहावलाई पथान्तरण गरी रिर्जभवायर बनाउने, प्रदूषण गर्ने, नदीजन्य पदार्थहरु निकाल्ने, शालिग्रामको चोरी निकासी तथा बिनास गर्ने लगायतका अन्य प्राकृतिक बहाव र पर्यावरण प्रतिकूल हुने गरी यस कार्यालयबाट कुनै स्वीकृति तथा अनुमति दिने कार्य नभए नगरेकोले यस कार्यालय समेतलाई विपक्षी बनाइ दिएको रिट निवेदनमा उत्प्रेषण आदेश जारी हुन नपर्ने हुँदा खारेज गरिपाउँ भन्ने समेत बेहोराको **जिल्ला प्रशासन कार्यालय, तनहुँका प्रमुख जिल्ला अधिकारी**को तर्फबाट पेस हुन आएको मिति २०७८।०४।१२ को लिखित जवाफ।

७. प्राकृतिक स्रोतहरुको संरक्षण र उपयोग जस्तो संवेदनशील विषय तथा कालीगण्डकी नदी, सभ्यता, धार्मिक स्थलहरुको संरक्षण र सम्वर्द्धनमा यस कार्यालय हरदम तत्पर रहेको छ। नदीजन्य पदार्थको उत्खनन् बिक्री तथा व्यवस्थापनको अधिकार तथा अवैध उत्खनन् र बिक्री वितरण रोक्ने प्रमुख दायित्व स्थानीय तहको रहेकोले जिल्ला प्रशासन कार्यालयको भूमिका प्रचलित कानून तथा कार्यविधिको पालना गर्न गराउन तोकिएबमोजिम अनुगमन समितिमा रही अनुगमन निरीक्षण गर्नु आवश्यक परेको सहयोग तथा सुरक्षा प्रदान गर्नु हो। जुन कार्यहरु कार्यालयबाट भैरहेका छन्। गिट्टी बालुवाको अवैध उत्खनन् तथा बिक्री वितरण नियन्त्रणका लागि जिल्ला सुरक्षा समितिको बैठकबाट आवश्यक निर्णयहरु गरी सोको कार्यान्वयन गरिएको छ। मिति २०७७।०४।०९ को जिल्ला सुरक्षा समितिको बैठकको निर्णयानुसार नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको

रातमा समेत गस्ती गराइ तथा वि.सं. २०७८ असार १ देखि रातमा समेत प्रहरीको गस्ती अनुगमन गराइ अवैध उत्खनन् पूर्ण रुपमा नियन्त्रण गरिएको छ। विभिन्न समयमा प्रमुख जिल्ला अधिकारी स्वयं अनुगमनमा गई बालुवा, गिट्टीको चोरीमा संलग्न व्यक्ति तथा सवारी साधन नियन्त्रणमा लिई कानूनबमोजिम कारबाही गरिएको छ। गिट्टी, बालुवा तथा क्रसर उद्योग सम्बन्धी गृह मन्त्रालयका निर्णय र निर्देशनका बारेमा सम्बन्धित पालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरुलाई जानकारी गराएको र ती निर्णयको दुवै प्रहरीको समन्वयमा कार्यान्वयन भइरहेको छ। सोको विवरण मिति २०७७।०७।२८ मा गृह मन्त्रालयको निर्देशन बमोजिम क्रसर उद्योगको निरीक्षण गरी मन्त्रालयमा पठाइएको छ।

नेपाल सरकारबाट **ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७** जारी हुँदा साथ मिति २०७७/०५/८ मा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी मापदण्डमा भएका व्यवस्थाहरुको पूर्ण पालना गर्ने गराउने तथा नदीजन्य पदार्थको उत्खनन् गर्दा मेसिन प्रयोग गर्नुपर्ने भएमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित शर्त र सीमाभित्र रही जिल्ला विपद् व्यवस्थापन समितिको अनुमति अनिवार्य लिने भनी निर्णय गरिएको र निर्णय कार्यान्वयन गरिएको अवस्था छ। संविधान, प्रचलित कानून तथा मापदण्डहरु, तालुक निकायबाट प्राप्त परिपत्र र निर्देशन तथा सम्मानित अदालतका आदेशहरुको पूर्ण पालना गरिएको र अवहेलना गर्ने कुनै पनि काम यस कार्यालयबाट नभएको भन्ने समेत बेहोराको **जिल्ला प्रशासन कार्यालय, पर्वतका प्रमुख जिल्ला अधिकारी**को तर्फबाट पेस हुन आएको मिति २०७८।०४।१२ को लिखित जवाफ।

८. कालीगण्डकी नदीको धार्मिक तथा सांस्कृतिक महत्त्वको कारण नै नदी आसपासका सांस्कृतिक सम्पदाहरुको संरक्षणको लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरुबाट आवश्यक व्यवस्था गरिएको छ। मुक्तिनाथ क्षेत्र, गलेश्वर धाम, मोदी वेणी धाम, सेतिवेणी धाम, रुद्रवेणी क्षेत्र, ऋणी क्षेत्र, रामनदी क्षेत्र, उत्तरवाहीनी धाम, छर्ती धाम, पाखिचौर धाम, केलादी घाट, रामपुर घाट, मणी मुकुन्द घाट तथा देवघाट सहितका विभिन्न घाट तथा धामहरुको संरक्षण र सम्वर्द्धनमा आवश्यक कार्य गरिएका छन्। तसर्थ, नदीतट क्षेत्रका धाम तथा मठ मन्दिरको संरक्षण तथा तिनको जीवन्तताको

लागि सरकारी निकायबाट कार्य नभएको भन्ने दावी सत्य होइन। यसै नदीमा ड्याम बाँधी स्याङ्जाको मिर्मीबाट ५९१० मीटर लामो सुरङमार्फत बेल्टारी भन्ने स्थानमा पानी खसाली १४४ मेघावाटको जलविद्युत आयोजना सञ्चालनमा आएको छ। यसबाट प्रस्तुत नदीको पथान्तरण भएको भए तापनि त्यसबाट नदी तथा तिनमा आश्रीतको जीवनस्तरमा असर पुऱ्याउने किसिमका कुनै कार्य भएका छैनन्। बरु स्थानीय समुदाय तथा थलचर तथा जलचरको संरक्षणको लागि आवश्यक सबै उपायहरु अवलम्बन गरिएका छन्। नदीमा रहने जलचरको इकोसिष्टमलाई यथावत कायम गर्न माछाका भुरा नदीमा प्रवेश गराउने, विस्थापित आदिवासी माझी समुदायको जीवनस्थर सुधारको लागि स्वःआर्जन तथा परम्परागत पेशाको संरक्षण गर्ने कार्यक्रमहरु सञ्चालन गरिएका छन्। उक्त योजनाबाट नदीको बहावमा परिवर्तन आई पानी तल्लो तटीय क्षेत्रहरु गुल्मीको ऋणी तथा रुद्रबेणीको धार्मिक महत्त्व कायम गर्न आवश्यक पानी छोडिएको छ। यसरी बहावजन्य (Run of the River) किसिमका विद्युत तथा सिँचाइ आयोजनाको सञ्चालन गर्दा धार्मिक तथा सांस्कृतिक पद्धतिलाई असर नपार्ने गरी सञ्चालन हुँदै आएका छन्।

यसै नदीलाई पथान्तरण गरी कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्धेशीय आयोजना सञ्चालनको लागि आवश्यक कार्य प्रारम्भ गरिएको छ। उक्त आयोजनको लागि आ.ब.२०६५।६६ देखि नै आयोजनाको पहिचान भई वार्षिक कार्यक्रमहरुमा बजेट विनियोजन हुँदै आइरहेको छ। आयोजनाको प्रि-फिजिविलिटी अध्ययन कार्य वि.सं. २०६८ साल असारमा सम्पन्न भएको थियो। त्यस्तै आ.ब.२०६८।६९ को बजेट वक्तव्यको बुँदा नं. १३२ मा कालीगण्डकी-तिनाउ डाइभर्सन आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन कार्य सुरु गरिने र सम्भाव्य भए विस्तृत परियोजना प्रस्ताव तयार गरिने उल्लेख भए बमोजिम प्रि-फिजिविलिटी अध्ययनबाट सम्भाव्य देखिएकोले यस आयोजनाको डिटेल फिजिविलिटी अध्ययन (हाइड्रोमेकानिकल र पावर हाउससम्मको) कार्य आ.ब. २०७२।७३ मा सुरु भई वि.सं. २०७७ साल पौषमा सम्पन्न भएको छ। कालीगण्डकी-तिनाउ डाइभर्सन आयोजनाको रणनीतिक वातावरणीय विश्लेषण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा आयोजनाले कालीगण्डकी नदीका सांस्कृतिक र धार्मिक महत्त्वलाई अतिक्रमण हुन नदिन र ammonite fossils लाई नदीमा बचाइ राख्न अपनाइने उपायहरुको समेत अध्ययन गरी आयोजना कार्यान्वयनको चरणमा उक्त

उपायहरुको कार्यान्वयन गरिने र कालीगण्डकी तिनाउ डाइभर्सन बहुउद्धेशीय आयोजना कार्यान्वयनको चरणमा वातावरण र विकासलाई एक अर्काको परिपूरक अवधारणाको रुपमा लिई वातावरणीय प्रभावहरु न्यूनीकरण गर्ने उपाय एवम् मापदण्डहरु अपनाईने, जनताको धार्मिक एवम् सांस्कृतिक आस्था एवम् विश्वासमा चोट नपुग्ने गरी परियोजना निर्माण गरिने, नदीमा आश्रीत जलचर तथा थलचरहरुको लागि आवश्यक पानीको वैकल्पिक व्यवस्था गरी **नेपालको संविधानको धारा ३० तथा धारा ५१(ग)(१)** मा उल्लिखित व्यवस्थाको प्रतिकूल नहुने गरी आयोजना कार्यान्वयन गरिने तथा उक्त आयोजनाले विपक्षी निवेदक लगायत कसैको संवैधानिक एवम् कानूनी हकमा आघात नपारेकोले माग बमोजिम आदेश जारी गर्न नपर्ने हुँदा प्रस्तुत निवेदन खारेज गरिपाउँ भन्ने समेत बेहोराको **ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय**का तर्फबाट पेस हुन आएको मिति २०७८।०४।२८ को लिखित जवाफ।

९. नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट **ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७** जारी भएसँगै यस प्रदेशले बनाएको **ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, सङ्कलन, क्रसर र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५** निष्क्रिय भएको र हाल बनेको सङ्घीय मापदण्डमा ढुङ्गा, गिट्टी, बालुवा लगायत नदीजन्य पदार्थको सङ्कलन, उत्खनन्, भण्डारण र बिक्री वितरण समेतको सम्पूर्ण अधिकार स्थानीय तहमा रहेको र जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा जिल्ला अनुगमन समिति गठन गर्ने व्यवस्था रहेको छ। उक्त मापदण्डको दफा ९ को उपदफा १३ ले प्रदेश तथा स्थानीय तहले समेत यस दफा बमोजिमको व्यवस्थामा प्रतिकूल असर नपर्ने गरी आ-आफ्नो क्षेत्रभित्र हुने ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थको उत्खनन्, सङ्कलन तथा बिक्री कार्यको अनुगमनको लागि आवश्यक व्यवस्था मिलाउन सक्नेछ भन्ने व्यवस्था गरेको र सो अनुसार प्रदेश कानून बन्ने प्रक्रियामा रहेको कारणले प्रादेशिक अनुगमन समिति निष्क्रिय बन्न पुगेको हो भन्ने समेत बेहोराको **वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय, गण्डकी प्रदेश, पोखरा, कास्की**का तर्फबाट पेस हुन आएको मिति २०७८।०४।१८ को लिखित जवाफ।

१०. **कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्धेशीय आयोजना**बाट सिद्धार्थ राजमार्गको राम्दी पुल

भन्दा करिब २.३ कि.मी. तलबाट बाँध बाँधी २७ र ७ कि.मी. लामो दुई चरणको सुरुङबाट अधिकतम् ८२ घनमीटर प्रतिसेकेन्ड पानी तिनाउ नदीमा लैजाने र यसरी डाइभर्सन गर्दा प्राप्त हुने हेडबाट दुई स्थानमा गरी १२६ मेगाबाट विद्युत उत्पादन र १ लाख ७ हजार हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याइने र यस आयोजनाबाट खानेपानी, औद्योगिक प्रयोग, भूमिगत जलभरण लगायत पानीको बहुउपयोगमा सहयोग पुग्ने देखिन्छ। प्रयोजन विहीन रुपमा देवघाट-नारायणी- गण्डक हुँदै बगेर भारततर्फ खेर गइरहेको पानीलाई कालीगण्डकी र तटीय क्षेत्रमा कुनै असर नपर्ने गरी आवश्यक पानी छाडेर अन्य विकल्प नभएको सुक्खा क्षेत्रमा सिँचित गरी कृषि उत्पादन वृद्धि, विद्युत ऊर्जा उत्पादन र तराईमा भूमिगत जलभण्डारको पुनर्भरण हुने यस महत्वाकांक्षी आयोजनाको सफलताबाट परियोजना क्षेत्रको जीवनस्तरमा सुधार हुने, गरिबी निवारणमा मद्धत पुग्ने र राष्ट्रिय अर्थतन्त्रमा समेत ठूलो योगदान पुग्न जाने हुन्छ। नेपालका नदीहरुको सदुपयोग गरी नदीको प्राकृतिक संरचनालाई कम भन्दा कम प्रभावमा पारी सोबाट बहुउपयोगिता हासिल हुने गरी कार्य गर्नु राष्ट्रिय आवश्यकता नै हो। यसै नदीमा ड्याम बाँधी स्याङ्जाको मिर्मीबाट ५९१० मीटर लामो सुरुङमार्फत् पानी खसाली १४४ मेघावाटको जलविद्युत आयोजना सञ्चालनमा आएको छ। उक्त योजनाबाट नदीको बहावमा परिवर्तन भएकोले तल्लो तटीय क्षेत्रहरु गुल्मीको रिडी तथा रुद्रवेणीको धार्मिक महत्त्व कायम गर्न आवश्यक पानी छोडिएको छ। यसरी नदीको बहावजन्य (Run of the River) किसिमका आयोजनाको सञ्चालन गर्दा धार्मिक तथा सांस्कृतिक पद्धतिलाई असर नपार्ने र त्यसको महत्ता तथा महिमामा कमी नहुने गरी सञ्चालन हुँदै वा सञ्चालन गरिँदै आएको छ।

रिट निवेदकले हाल कालीगण्डकी डाइभर्सन परियोजना बदर गरी पाउँन विषय उठान गरेको भएपनि उक्त आयोजनाको लागि आर्थिक वर्ष २०६५।०६६ देखि नै कालीगण्डकी-तिनाउ डाइभर्सन आयोजनाको पहिचान भई वार्षिक कार्यक्रमहरुमा बजेट विनियोजन हुँदै आइरहेको अवस्था हो। आयोजनाको प्रि-फिजिविलिटी अध्ययन कार्य २०६८ साल असारमा सम्पन्न भएको थियो। त्यस्तै, आर्थिक वर्ष २०६८।६९ को बजेट वक्तव्य (बुँदा नं.१३२) मा कालीगण्डकी-तिनाउ डाइभर्सन आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन कार्य सुरु गरिने र सम्भाव्य भए विस्तृत परियोजना प्रस्ताव तयार

गरिने उल्लेख भएबमोजिम प्रि-फिजिविलिटी अध्ययनबाट यस आयोजना सम्भाव्य देखिएकोले आयोजनाको डिटेल फिजिविलिटी अध्ययन (हाइड्रोमेकानिकल र पावर हाउससम्मको) कार्य आर्थिक वर्ष २०७२।७३ मा सुरु भई वि.सं. २०७७ सालको पौष महिनामा सम्पन्न भएको हो। यस आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन (बुँदा ३.४) मा बाँध क्षेत्र र सोभन्दा माथिल्लो सम्भावित डुबान क्षेत्रको डिटेल सर्भे गर्नुपर्ने तथा आयोजनाका संवेदनशील स्थानहरु बाँध, सुरुङ, पावरहाउस सहितका क्षेत्रहरुको थप भौगर्भिक अध्ययन गर्नुपर्ने उल्लेख छ। कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्धेशीय आयोजनाको लागि बजेट उपशिर्षक नं. ३०८०३१०३ को खर्च शिर्षक नं. ३११७२ मा सिँचाइ सम्भाव्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रम अन्तर्गत आयोजनाको अध्ययनरत प्रतिवेदनमाथि विज्ञहरुको राय परामर्श लिने कार्यका लागि रु.२४ लाख र सम्भाव्यता अध्ययन कार्यको लागि रु.२ करोड ७५ लाख गरी आर्थिक वर्ष ०७७।०७८ मा जम्मा रु.२ करोड ९९ लाख विनियोजन भएको थियो। चालु आर्थिक वर्ष २०७८।०७९ को आय-व्ययको सार्वजनिक जानकारी वक्तव्य (बुँदा नं. १२६) मा कालीगण्डकी-तिनाउ डाइभर्सन आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गर्नुका साथै आयोजना कार्यान्वयनको ढाँचा निर्धारण र स्रोत व्यवस्थापनको काम सम्पन्न गरी निर्माण कार्य प्रारम्भ गरिने व्यवस्था गरिएको छ। यस आयोजनाको डिटेल फिजिविलिटी अध्ययन प्रतिवेदनले कालीगण्डकीमा पानीको उपलब्धता सम्बन्धमा थप अध्ययन गर्नुपर्ने र सोको लागि बाँध क्षेत्रमा गेजिङ स्टेसन राखी कम्तीमा २ वर्षको डाटा लिनुपर्ने र (बुँदा नं. १६.३ मा) सिँचाइ तर्फको सिँचित क्षेत्रको डाटा अध्यावधिक गर्नुपर्ने सिफारिस भई आएको सन्दर्भमा आयोजनाको बारेमा थप अध्ययन भएपछि मात्र थप कार्य अगाडि बढ्ने हुँदा अध्ययनको लागि भएका कामकारबाहीको प्रारम्भमै अदालतबाट रोकी पाउँ भन्ने प्रस्तुत रिट निवेदनको दावी अपरिपक्वताको सिद्धान्त (प्रिन्सिपल अफ इम्मेचोरिटी) विपरीत रही खारेजभागी छ।

निवेदकले उपल्लो तटीय क्षेत्र र तल्लो तटीय क्षेत्रमा असर गर्ने गरी पानीको पथान्तरण गर्न लागिएको हुँदा जैविक विविधता र सांस्कृतिक सम्पदामा असर गर्ने भन्ने दावी लिएको देखिन्छ। सो सम्बन्धमा **जलविद्युत विकास नीति, २०५८** ले नदी, खोलाको न्यूनतम मासिक बहावको कम्तीमा १० (दश) प्रतिशत वा वातावरणीय प्रभाव

मूल्याङ्कन अध्ययन प्रतिवेदनबाट देखिएको न्यूनतम आवश्यक मात्रामा जुन मात्रा बढी हुन्छ सो मात्राको पानी नदी, खोलामा छाड्नु पर्ने नीतिगत व्यवस्था गरेको छ। हालसम्मको अध्ययनबाट २० (बीस) प्रतिशत पानी तल्लो तटमा छोडिने अवस्था देखिएको छ। यसबाट उक्त स्थानको तल्लो तटीय क्षेत्रका छर्ती घाट, केलादी घाट, पाखिचौर घाट सहितका सबै धार्मिक तथा सांस्कृतिक क्षेत्रमा पानीको मात्रा पर्याप्त नै हुने हुन्छ। प्रस्तावित ड्यामदेखि तीन कि.मी. तल आँधीखोलाको पानी निःसृत भएकै छ। सो भन्दा तल हुँगी खोला, रामपुर खोला सहितका अन्य अनेकौं साना ठूला खोलाहरुबाट थप पानी निःसृत हुने भएकोले तल्लो तटमा पानीको अभाव भई यसको धार्मिक तथा सांस्कृतिक महत्त्व लोप हुने तथा नदी प्रणालीमा आश्रीत प्राणीको जीवनमा कुनै प्रभाव नपर्ने सुनिश्चित गरी परियोजना सञ्चालन हुने भएकोले रिट निवेदकले उल्लेख गरेको जस्तो अवस्था नहुँदा रिट निवेदकको झुट्ठा दावी खारेज गरिपाउँ भन्ने समेत बेहोराको **नेपाल सरकार, अर्थ मन्त्रालय**का तर्फबाट पेस हुन आएको मिति २०७८।०४।२८ को लिखित जवाफ।

११. कालीगण्डकी नदीमा अवैध रुपमा हुने नदीजन्य पदार्थको अवैध दोहन कार्यलाई नियन्त्रण गर्न सरोकारवाला निकायहरुसँग समन्वय गरी समय-समयमा बैठक एवम् अनुगमन गरी आवश्यक समन्वय गर्ने गरिएको छ। आ.ब. २०७७।०७८ मा यस जिल्लाको विभिन्न स्थानहरुमा बग्ने कालीगण्डकी नदीबाट अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन् गरिरहेको अवस्थामा ३ वटा स्काइभेटर, ७ वटा ट्याक्टर र २ वटा टिप्पर समेत गरी १२ वटा सवारी साधनहरुलाई जिल्ला प्रहरी कार्यालय म्याग्दीबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिई नियमानुसार कारबाहीको लागि जिल्ला अनुगमन समितिमा पेस गराएको अभिलेख देखिन्छ। त्यसैगरी चालु आर्थिक वर्ष २०७८।७९ को सुरुमा अनुगमन टोलीले कालीगण्डकी नदीको बे.न.पा. ०१ डोढेनी वगर र ऐ.ऐ. आनन्दवगरमा नदीजन्य पदार्थ उत्खनन् गरेका डोजर थान-०३ र ट्याक्टर थान-०१ लाई नियन्त्रणमा लिई नियमानुसार कारबाहीको लागि जिल्ला अनुगमन समितिमा पेस गरिएको र समितिबाट जरिवाना गराउने निर्णय भएको अभिलेख छ। उक्त स्थानमा उत्खनन् गरेको अवैध नदीजन्य पदार्थको परीणाम यकिन गर्न प्राविधिक समिति गठन गरी प्राविधिक मूल्याङ्कन गराइ बेनी नगरपालिकाको कार्यालय, म्याग्दीले लिलाम

बढाबढद्वारा बिक्री गर्ने प्रक्रिया सुरु भएको अवस्था छ। रघुगंगा गाउँपालिकाले आ.ब.२०७७।०७८ मा विभिन्न कम्पनीहरुलाई उक्त गाउँपालिका क्षेत्रभित्र कालीगण्डकी नदीका ४ वटा वगरहरुमा ठेक्का खुलाइ डोजर मेसिन लगाइ गिट्टी बालुवा झिक्ने अनुमति दिएको पाइएकोमा जिल्ला अनुगमन समिति म्याग्दीको तर्फबाट कालीगण्डकी नदीमा डोजर प्रयोग गर्न अनुमति दिएको देखिएको कारणले उक्त ठेक्का कार्य रद्ध गराइएको अवस्था हो।

कालीगण्डकी नदी धार्मिक ऐतिहासिक तथा पर्यावरणीय महत्त्व भएकोले स्थानन्तरण गर्ने, रिर्जभवायर बनाउने, प्रदूषण गर्ने, नदीजन्य पदार्थ निकाल्ने र शालिग्राम चोरी निकासी तथा पर्यावरण प्रतिकूल हुने अन्य कार्य नियन्त्रणका लागि कानूनको सीमाभित्र रहेर अधिकतम् प्रयास भै आएको र यस जिल्लाको सीमा क्षेत्रभित्र पर्ने कालीगण्डकी नदी र अन्य नदीहरुमा समेत नदीजन्य पदार्थ अवैध दोहन हुन उल्लेखनीय रुपमा रोकिएको हुँदा यस कार्यालयलाई विपक्षी बनाइ दायर भएको रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत बेहोराको **जिल्ला प्रशासन कार्यालय, म्याग्दीका प्रमुख जिल्ला अधिकारी**को तर्फबाट पेस हुन आएको मिति २०७८।०४।२६ को लिखित जवाफ।

१२. कालीगण्डकी नदीको धार्मिक, ऐतिहासिक तथा पर्यावरणीय महत्त्वलाई आत्मसात गर्दै प्रकृति प्रदत्त स्रोतहरुलाई सुरक्षित, व्यवस्थित राखी दिगो रुपमा व्यवस्थापन गर्न स्थानीय सरकारको रुपमा रहेको यस गाउँपालिका प्रतिवद्ध रहँदै आएको, घरपझोङ गाउँपालिकाका ५ वटै वडाहरुलाई समेट्ने गरी ९ वटा फोहोरमैला सङ्कलन केन्द्र स्थापना गरी फोहोर सङ्कलन एवम् विसर्जन हुँदै आइरहेकोले कालीगण्डकीमा फोहोर फ्याक्ने कार्यलाई निरुत्साहित गर्दै आएको, यस घरपझोङ गाउँपालिका अन्नपूर्ण संरक्षण क्षेत्रभित्र रहेको र **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को खण्ड (च)** मा ढुङ्गा, गिट्टी, बालुवाको करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाउँपालिकाले सङ्कलन गर्ने व्यवस्था गरे तापनि कालीगण्डकीको ढुङ्गा, गिट्टी, बालुवालाई व्यवस्थित गर्न हालसम्म पनि गण्डकी प्रदेशबाट समेत उपयुक्त मापदण्ड तथा कानून बन्न नसकेका कारण यस गाउँपालिकाको क्षेत्रभित्र रहेको समग्र कालीगण्डकीको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) समेत हुन नसकेको, कालीगण्डकी नदीमा रहेको ढुङ्गा, गिट्टी तथा बालुवाको व्यवस्थापन घरपझोङ गाउँपालिकाको क्षेत्राधिकारभित्र मात्र सीमित नरहेको

अवस्था र हालसम्म गाउँपालिकाले ढुङ्गा, गिट्टी तथा बालुवा झिक्ने अनुमति दिने सम्बन्धमा कुनै पनि निर्णय समेत नगरेको अवस्था रहेको, यस गाउँपालिकाबाट कालीगण्डकी नदीमा रहेको ढुङ्गा, गिट्टी, बालुवाको दोहन गर्ने गरी हालसम्म कुनै ठेक्कापट्टा नदीइएको र कुनै पनि ठेक्का पट्टाको सम्झौता समेत नभएको, विश्वकै पवित्र नदीको रुपमा रहेको सम्मानित अदालतबाट भएको आदेशको कार्यान्वयन प्रति यस गाउँपालिका सदैव प्रतिवद्ध समेत रहेको भन्ने समेत बेहोराको **घरपझोङ गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालय, मुस्ताङ**का तर्फबाट पेस हुन आएको मिति २०७८।०४।१० को लिखित जवाफ।

१३. यस कार्यालयले सधै संविधान कानून र सम्मानित अदालतको आदेश अनुरुप काम कारबाही गर्दै आएको तथा सम्मानित सर्वोच्च अदालतको आदेशको पालना र सम्मान गर्दै आएको छ। मुस्ताङ जिल्लामा यस कार्यालय समेतबाट कालीगण्डकी किनारबाट ढुङ्गा गिट्टी बालुवा झिक्नको लागि कुनै पनि सङ्घ संस्था, व्यक्तिलाई ठेक्का दिइएको अवस्था नरहेको तथा कालीगण्डकी नदीलाई दोहन र दूषित हुने गरी हालसम्म कुनै निर्णय नगरिएको अवस्थाका साथै सम्मानित अदालतको आदेश अवज्ञा हुने कुनै कार्य नगरेको अवस्थामा काल्पनिक रुपमा बिना आधार यस कार्यालयलाई समेत विपक्षी बनाइ दायर भएको निवेदन बदर भागी छ भन्ने समेत बेहोराको **जिल्ला प्रशासन कार्यालय, मुस्ताङ**का प्रमुख जिल्ला अधिकारीको तर्फबाट पेस हुन आएको मिति २०७८।०४।१८ को लिखित जवाफ।

१४. कालीगण्डकी नदीलाई पथान्तरण गरी कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्धेशीय आयोजनाको लागि आ.ब. २०६५।६६ देखि नै आयोजनाको पहिचान भई वार्षिक कार्यक्रमहरुमा बजेट विनियोजन हुँदै आइरहेको छ। आयोजनाको प्रि-फिजिविलिटी अध्ययन कार्य २०६८ असारमा सम्पन्न भएको थियो। त्यस्तै आ.ब. २०६८।६९ को बजेट वक्तव्यको बुँदा नं. १३२ मा कालीगण्डकी-तिनाउ डाइभर्सन आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन कार्य सुरु गरिने र सम्भाव्य भए विस्तृत परियोजना प्रस्ताव तयार गरिने उल्लेख भए बमोजिम प्रि-फिजिविलिटी अध्ययनबाट सम्भाव्य देखिएकोले यस आयोजनाको डिटेल फिजिविलिटी अध्ययन (हाइड्रोमेकानिकल र पावर हाउससम्मको) कार्य आ.ब.२०७२।७३ मा सुरु भई वि.सं. २०७७ साल पौषमा सम्पन्न भएको छ।

प्रस्तुत आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनको बुँदा ३.४ मा बाँध क्षेत्र र सो भन्दा माथिल्लो सम्भावित डुवान क्षेत्रको डिटेल सर्भे गर्नुपर्ने तथा आयोजनाका संवेदनशील स्थानहरु बाँध, सुरुङ, पावरहाउस सहितका क्षेत्रहरुको थप भौगर्भिक अध्ययन गर्नुपर्ने हुन्छ। त्यस्तै चालु आ.ब.२०७८।०७९ को बजेट वक्तव्यको बुँदा नं. १२६ मा **कालीगण्डकी-तिनाउ डाइभर्सन आयोजना**को विस्तृत परियोजना प्रतिवेदन तयार गर्नुका साथै आयोजना कार्यान्वयनको ढाँचा निर्धारण र स्रोत व्यवस्थापनको काम सम्पन्न गरी निर्माण कार्य प्रारम्भ गरिने उल्लेख भएको छ। यस आयोजनाको डिटेल फिजिविलिटी अध्ययन प्रतिवेदनले (बुँदा नं. १६.२) कालीगण्डकीमा पानीको उपलब्धता सम्बन्धमा थप अध्ययन गर्नुपर्ने र सोको लागि बाँध क्षेत्रमा गेजिङ स्टेसन राखी कम्तिमा २ वर्षको डाटा लिनुपर्ने र (बुँदा नं. १६.३ मा) सिँचाइ तर्फको सिँचित क्षेत्रको डाटा अध्यावधिक गर्नुपर्ने सिफारिस भई आएको सन्दर्भमा आयोजनाको बारेमा थप अध्ययन भएपछि मात्र थप कार्य अगाडि बढ्ने हुँदा अहिले नै नदीको पथान्तरण गरियो भन्ने दावी हचुवा छ।

यसै नदीमा ड्याम बाँधी स्याङ्जाको मिर्मीबाट ५९१० मीटर लामो सुरङमार्फत बेल्टारी भन्ने स्थानमा पानी खसाली १४४ मेघावाटको जलविद्युत आयोजना सञ्चालनमा आएको छ। यसबाट प्रस्तुत नदीको पथान्तरण भएको भए तापनि त्यसबाट नदी तथा तिनमा आश्रीतको जीवनस्तरमा असर पुऱ्याउने किसिमका कुनै कार्य भएका छैनन्। बरु स्थानीय समुदाय तथा थलचर तथा जलचरको संरक्षणको लागि आवश्यक सबै उपायहरु अवलम्बन गरिएका छन्। नदीमा रहने जलचरको इकोसिष्टमलाई यथावत कायम गर्न माछाका भुरा नदीमा प्रवेश गराउने, विस्थापित आदिवासी माझी समुदायको जीवनस्थर सुधारको लागि स्वः आर्जन तथा परम्परागत पेशाको संरक्षण गर्ने कार्यक्रमहरु सञ्चालन गरिएका छन्। उक्त योजनाबाट नदीको बहावमा परिवर्तन आई पानी तल्लो तटीय क्षेत्रहरु गुल्मीको ऋणी तथा रुद्रबेणीको धार्मिक महत्त्व कायम गर्न आवश्यक पानी छोडिएको छ। यसरी बहावजन्य (Run of the River) किसिमका विद्युत तथा सिँचाइ आयोजनाको सञ्चालन गर्दा धार्मिक तथा सांस्कृतिक पद्धतिलाई असर नपार्ने गरी सञ्चालन हुँदै आएका छन्। तसर्थ, नदीको पथान्तरण हुँदा यसले धार्मिक तथा सांस्कृतिक मान्यतालाई असर नै पार्ने भन्ने होइन।

जहाँसम्म रिट निवेदकले मापदण्ड बिना नदी किनारमा क्रसर उद्योग सञ्चालन गरिएको तथा शालिग्रामलाई नै क्रसरमा पेलिएको भनी लिएको दावीको विषयका सम्बन्धमा कुनै पनि उद्योग मापदण्ड बिना स्थापना तथा सञ्चालन हुन सक्दैनन्। कानून विपरीत स्थापना भएका वा सञ्चालन भएको अवस्थामा ती कार्य बन्द मात्र होइन दण्डनीय समेत हुन्छन्। सम्बन्धित निकायबाट समय मै यस्ता विषयमा अनुगमन भएकै छ। रिट निवेदकले नदी आसपासका स्थानीय तहहरुले कालीगण्डकीमा फोहोर फाल्ने गरेको भन्ने दावी गरिएको सम्बन्धमा त्यसरी नदीमा कुनै पनि स्थानीय निकायले फोहोर फाल्न मिल्दैन र पाउँदैनन्। कसैले त्यसरी नदीमा फोहोर फाल्ने वा मिसाउने कार्य गरेको अवस्थामा त्यस्ता निकायका नेतृत्वलाई जवाफदेही बनाइने नै भएको हुँदा कानून बमोजिम कारबाही हुने विषयमा अदालतबाट आदेश जारी गरिपाउँ भनी रहनु पर्ने देखिँदैन भन्ने समेत बेहोराको **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**का तर्फबाट पेस हुन आएको मिति २०७८।०४।२६ को लिखित जवाफ।

१५. मुलुक सङ्घीय संरचनामा गईसकेपछि प्राकृतिक स्रोत र साधनहरुको संरक्षण, सम्वर्द्धन तथा उपयोगको अधिकार स्थानीय तहहरुलाई प्रदान गरेको छ। साथै यस समितिलाई तोकिएको भूमिका अनुसार सम्बन्धित स्थानीय तहहरु सँग समन्वय गर्ने, अनुगमन, निरीक्षण गरी आवश्यक निर्देशन, सल्लाह, सुझाव दिने काम भएको हुँदा सो अनुसार कालीगण्डकी नदीको संरक्षण र प्रवर्द्धनमा यस जिल्लाका नगरपालिका तथा गाउँपालिकाहरुलाई आवश्यक निर्देशन, सल्लाह, सुझावहरु दिने काम समय समयमा भइरहेका छन्। **ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७** बमोजिम नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री सम्बन्धी प्रक्रियाको अनुगमन गर्न जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा अनुगमन समिति रहेको र समय समयमा उक्त समितिको बैठक बसी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनका कार्य गर्दा मापदण्डमा भएका प्रावधानहरुको अक्षरस पालना गर्नका लागि सम्बन्धित स्थानीय तहहरुमा कार्यान्वयनका लागि लेखी पठाउने कार्य गर्दै आइएको छ। अतः प्राकृतिक स्रोतको रुपमा रहेको पौराणिक, धार्मिक, सांस्कृतिक महत्त्वको श्री कालीगण्डकी नदीको संरक्षण र सम्वर्द्धनमा यस समितिलाई कानूनले दिएको अधिकार अन्तर्गत रही आफ्नो भूमिका निर्वाह गर्दै आएकोले माथी

उल्लिखित जवाफलाई अभिन्न अंग मानी विपक्षीको झुठा रिट निवेदन खारेज गरी पाउ भन्ने समेत बेहोराको **जिल्ला समन्वय समिति पर्वत** तथा **जिल्ला समन्वय समिति, तनहुँ**का तर्फबाट मिति २०७८।०४।१७ र १८ मा पेस हुन आएको एकैमिलानको छुट्टाछुट्टै लिखित जवाफ।

१६. अवैध रुपमा नदीजन्य पदार्थको उत्खनन्, ओसारपसार एवम् कालीगण्डकी नदीबाट शालिग्रामको चोरी निकासी कडाईका साथ रोकथाम, नियन्त्रण गर्न यस कार्यालयबाट मातहत जिल्ला प्रहरी कार्यालयहरुलाई निर्देशन दिनुको साथै समय समयमा यस कार्यालयबाट अनुगमन टोली खटाइ निग्रानी गर्ने कार्य समेत भएको र कालीगण्डकी नदीबाट अवैध रुपमा गिट्टी, बालुवा, ढुङ्गा ओसार पसार तथा निकासी गर्ने कार्यमा रोक लगाइ प्रहरी निग्रानी बढाइएको र अवैध रुपमा चोरी निकासीमा संलग्न मानिस तथा सवारी साधनलाई नियन्त्रणमा लिई कारबाहीको दायरामा ल्याइएको, स्थानीय तहको समन्वयमा चोरी, निकासी पैठारी संरक्षण, सम्वर्द्धन गरी व्यवस्थित उत्खनन् गर्ने कार्य भएको हुँदा निवेदनमा दावी गरेको जस्तो कार्य नभएकोले यस गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरा समेतलाई विपक्षी बनाइ दायर प्रस्तुत रिट निवेदन खारेज भागी छ, खारेज गरिपाउँ भन्ने समेत बेहोराको **गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा**का तर्फबाट पेस हुन आएको मिति २०७८।०४।१७ को लिखित जवाफ।

१७. हिन्दुशास्त्रानुसार शालिग्रामलाई ढुङ्गालाइ भगवान विष्णुको अवतारको रुप मानेर पूजाआजा गरी आएको अवस्था हो भने स्यागदी जिल्लाको गलेश्वर शिवालय क्षेत्र विकास समितिले सो क्षेत्रमा छुट्टै भगवान विष्णुको मन्दिर बनाइ त्यसभित्र अथाह शालिग्राम राखेर परापूर्व कालदेखि शालिग्रामको पूजाआजा चलाइ राखेको छ भने सो शालिग्राम संरक्षणको लागि यस समन्वय समितिले आफ्नो क्षेत्रबाट पुऱ्याउनुपर्ने दायित्व हालसम्म पनि पुऱ्याउँदै आएको छ। त्यस्तै, सदरमुकाम क्षेत्रभित्र कसैले पनि फोहोर लगेर कालीगण्डकी नदीमा फाल्दैनन्। कसैले फालेमा त्यस व्यक्तिलाई कारबाही गर्ने चलन छ। सदरमुकाम भित्रबाट उठाइएको फोहोर छुट्टै ड्याम साइडमा लगी जलाइन्छ। फोहोर उठाउँदा कुहिने र नकुहिने छुट्टाछुट्टै उठाउने व्यवस्था नगरपालिकाले धेरै पहिलादेखि नै गर्दै आइरहेको निवेदन गर्दछु। साथै, यस जिल्ला समन्वय समितिले कालीगण्डकी नदीबाट कसैलाइ ठेक्का दिई गिट्टी, बालुवा, ढुङ्गा आदि निकाल्ने

प्रयोजनको लागि कोही कसैलाई बोल कबोल वा कुनै सम्झौताबाट कर उठाउने तरिकाबाट कुनै पनि काम नगरेको र यसै सन्दर्भमा उच्च अदालत पोखरा बागलुङ इजलासमा चलेको उत्प्रेषण परमादेश रिट निवेदनमा सम्मानित अदालतबाट आदेश जारी भै सो आदेश कार्यान्वय भैरहेको अवस्थामा एउटै विषयमा थप आदेश जारी नहुने हुँदा यस समितिको हकमा प्रस्तुत रिट निवेदन खारेज गरिपाउ भन्ने समेत बेहोराको **जिल्ला समन्वय समिति म्याग्दी**का तर्फबाट पेस हुन आएको मिति २०७८।०४।१८ को लिखित जवाफ।

१८. यस मन्त्रालयबाट रिट निवेदनमा उल्लेख भएको हक अधिकार हनन् हुने काम कारबाही नभए नगरेको हुँदा यस मन्त्रालयलाई विपक्षी बनाइ दायर भएको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत बेहोराको **नेपाल सरकार, गृह मन्त्रालय**का तर्फबाट पेस हुन आएको मिति २०७८।०४।१५ को लिखित जवाफ।

१९. निवेदनमा उल्लेख गरे बमोजिम **कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्धेशीय परियोजना**का सम्बन्धमा यस मन्त्रालयको के, कस्तो संलग्नता रही यस मन्त्रालयको के, कुन, काम कारबाहीबाट के, कसरी प्रचलित संविधान तथा कानून विपरीत भएको हो सो तथ्य युक्तिगत तथा तर्कसंगत रुपमा विपक्षीले रिट निवेदनमा केहि उल्लेख गर्न सक्नु भएको छैन। जहाँसम्म प्रचलित वातावरण संरक्षण ऐन, २०७६ को दफा ९ बमोजिम रणनीतिक वातावरण विश्लेषण (SEA) गर्नु गराउनु भन्ने विषय हो, कालीगण्डकी तिनाउ डाइभर्सन बहुउद्धेशीय आयोजनाको सम्बन्धमा **वातावरण संरक्षण ऐन, २०७६ को दफा ९ को** उक्त व्यवस्था बमोजिम रणनीतिक वातावरणीय विश्लेषण गर्ने भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सकेको छैन। विस्तृत सम्भाव्यता अध्ययनबाट उक्त आयोजना कार्यान्वयन योग्य देखिएमा सोही बखत नेपाल सरकारले आवश्यकतानुसार रणनीतिक वातावरणीय विश्लेषण गर्ने वा वातावरण प्रभाव मूल्याङ्कन गर्ने भन्ने हो। कालीगण्डकी-तिनाउ डाइभर्सन आयोजनाको रणनीतिक वातावरणीय विश्लेषण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा आयोजनाले कालीगण्डकी नदीका सांस्कृतिक र धार्मिक महत्त्वलाई अतिक्रमण हुन नदिन र ammonite fossils लाई नदीमा बचाइ राख्न अपनाइने उपायहरुको समेत अध्ययन गरी आयोजना कार्यान्वयनको चरणमा उक्त उपायहरुको कार्यान्वयन गरिने नै छ। वातावरणीय अध्ययनको चरणमा नै

प्रवेश गरी नसकेको र आयोजनाको यकिन गरी सोही बमोजिम हुने नै हुँदा कालीगण्डकी नदीका सांस्कृतिक र धार्मिक महत्त्वलाई अतिक्रमण गर्ने र ammonite fossils हराउँदै जाने भन्ने निराधार दावी लिई दायर भएको रिट निवेदन जिकिर निरर्थक छ, खारेज गरिपाउँ।

निवेदकले उपल्लो तटीय क्षेत्र र तल्लो तटीय क्षेत्रमा असर गर्ने गरी पानीको पथान्तरण गर्न लागिएको हुँदा जैविक विविधता र सांस्कृतिक संपदामा असर गर्ने भनी उठान गर्नु भएको विषयका सम्बन्धमा **जलविद्युत विकास नीति, २०५८** ले नदी, खोलाको न्यूनतम मासिक बहावको कम्तिमा १० (दस) प्रतिशत वा वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदनबाट देखिएको न्यूनतम आवश्यक मात्रामा जुन मात्रा बढी हुन्छ सो मात्राको पानी नदी, खोलामा छाडनुपर्ने नीतिगत व्यवस्था गरेको छ। हालसम्मको अध्ययनबाट २० (बीस) प्रतिशत पानी तल्लो तटमा छोडिने अवस्था देखिएको छ। यसबाट उक्त स्थानको तल्लो तटीय क्षेत्रका छर्ती घाट, केलादी घाट, पाखिचौर घाट सहितका सबै धार्मिक तथा सांस्कृतिक क्षेत्रमा पानीको मात्रा पर्याप्त नै हुन्छ। प्रस्तावित ड्यामको तीन किमी तल आधिखोलाको पानि निसृत भएकै छ। सो भन्दा तल हुगी खोला, रामपुर खोला सहितका अन्य अनेकौं साना ठुला खोलाहरु निसृत हुने भएकोले तल्लो तटमा पानीको अभाव भई यसको धार्मिक तथा सांस्कृतिक महत्त्व लोप हुने तथा नदी प्रणालीमा आश्रीत प्राणीको जीवनमा नै प्रभावित हुने अवस्थामा रिट निवेदकले उल्लेख गरेको जस्तो अवस्था नहुँदा रिट निवेदन जिकिर निरर्थक छ, खारेज गरिपाउँ भन्ने समेत बेहोराको **नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय**का तर्फबाट पेस हुन आएको मिति २०७८।०४।२० को लिखित जवाफ।

२०. विपक्षीले रिट निवेदनमा भनेझैं यस कार्यालयले कालीगण्डकी नदीबाट गैरकानूनी रुपमा नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा, ढुङ्गा आदि निकाल्ने, कालीगण्डकी नदीमा ढल मिसाउने, फोहोर फाल्ने, नदीको प्राकृतिक बहावमा दखखल दिने, जलविद्युत निकाल्ने, नदी पथान्तरण गर्ने आदि कार्यहरु गरेको भन्ने कुरामा कुनै सत्यता छैन। मिति २०७८।०२।३१ गते यस कार्यालयले सूचना निकाली नदीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन कार्य रोक्का गरेको अवस्था छ। विगतमा उपरोक्त विद्यमान कानूनी प्रावधान अनुसार नदीजन्य पदार्थको सङ्कलन, उत्खनन्, संरक्षण र बिक्री वितरण गर्दै

आएको र हाल उक्त कार्य रोक्का गरी बसेको अवस्था छ। यस सम्बन्धमा रिट निवेदक टेकबहादुर सार्कीले निषेधाज्ञायुक्त परमादेशको (रिट नं.०७४-WO-००२५) रिट मिति २०७५।०२।०१ मा श्री उच्च अदालत पोखरा, बागलुङमा दायर गरे तापनि यस कार्यालयले अनधिकृत ढङ्गले सो कार्य नगरेको ठहर गरी अदालतले सो रिट निवेदन मिति २०७६।०८।०८ मा खारेज गरिदिएको थियो। उक्त रिटमा सम्मानित अदालतले नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन गर्न इजाजत दिँदा वैज्ञानिक आधारका मापदण्ड तोकी प्रचलित कानूनको परिधि र प्रावधान बमोजिम वातावरणीय प्रभाव र मूल्याङ्कन गर्न भनी निर्देशनात्मक आदेश गरेकोमा सोको अक्षरशः पालना गरिएको छ।

साथै, यस नगरपालिकाको फोहोर व्यवस्थापन गर्दा फोहोरको वर्गीकरण गरी सङ्कलन गर्ने, सङ्कलित फोहोर मध्ये पुनः प्रयोग हुने फोहोरलाई Recycle, Renewal and Reuse को सिद्धान्त अनुसार व्यवस्थापन गर्ने, फोहोर व्यवस्थापन गर्ने क्रममा धुवाँ निस्कने गरी व्यवस्थापन गर्न नपाइने, अस्पताल, क्लिनिक लगायतका स्वास्थ्य संस्थाबाट उत्सर्जित फोहोर प्रशोधन पश्चात लिने व्यवस्था मिलाउने गरी कार्य भइरहेको छ। नाली तथा ढल व्यवस्थापनको लागि खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङ, इकाइ कार्यालय बेनी म्याग्दी तथा यस नगरपालिकाको कार्यालयको समन्वयमा Treatment Plant सहितको DPR तयार गरी आगामी योजनामा कार्यान्वयन गर्ने चरणमा रहेको छ। विपक्षीले भनेजस्तो सोझैं कालीगण्डकी नदीमा फोहोर ढल नमिसाइएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको **म्याग्दी जिल्ला, बेनी नगरपालिका**को तर्फबाट पेस हुन आएको मिति २०७८।०४।२० को लिखित जवाफ।

२१. अवैध रुपमा चोरी निकासीमा संलग्न मानिस तथा सवारी साधनलाई नियन्त्रमा लिई कारबाहीको दायरामा ल्याइएको, प्रहरी निगरानी बढाइएको, स्थानीय तहको समन्वयमा प्राकृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन गर्ने लगातयको कार्य भैरहेको र निवेदनमा दावी गरेको जस्तो कालीगण्डकी नदीबाट अवैध रुपमा गिट्टी, बालुवा, ढुङ्गा ओसारपसार तथा निकासी गर्ने कार्य नभएको हुँदा प्रहरी प्रधान कार्यालय, नक्सालसमेतलाई विपक्षी बनाइ दायर प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत बेहोराको **प्रहरी प्रधान कार्यालय, नक्साल**का तर्फबाट पेस हुन आएको मिति २०७८।०४।१७ को लिखित जवाफ।

२२. **वातावरण नियमावली, २०७७** र कुश्मा नगरपालिकाको **वातावरण तथा प्राकृतिक स्रोत**

**संरक्षण ऐन, २०७६** ले प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची तथा प्रतिवेदन स्वीकृत गर्ने अधिकार सम्बन्धित नगरपालिकालाई प्रदान गरेको छ। साविकमा जिल्ला समन्वय समितिलाई मात्र नदीजन्य पर्दाथको सङ्कलन तथा उत्खनन्को जिम्मेवारी प्रदान गरिएकोले अन्य निकायहरु सहयोगी भूमिकामा मात्र थियो भने स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई नदी जन्य पर्दाथको उत्खनन् तथा सङ्कलनबाट राजश्वको अधिकार प्रदान गरेको छ। कुश्मा नगरपालिका पर्वतले कुश्मा नगरपालिकाको **वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७६** पारित गरी रिट निवेदकले उठाएका कुरामा पहिला नै व्यवस्थित गरी कानून बमोजिमका संरक्षणका कार्य पूरा गरी काम गर्न सकिने व्यवस्था बमोजिम कार्य गरी रहेका छौं। कुश्मा नगरपालिका वडा नं. १, २, ४ र ५ भएर बग्ने कालीगण्डकी नदी दिगो र वातावरणमैत्री रुपमा नदीजन्य पदार्थको सङ्कलन र उत्खनन् गर्ने कार्य आ.ई.ई. को आधारमा गरेको छ। नदीजन्य वस्तुको सङ्कलनको योजना बनाइ कार्य सञ्चालन गर्दा प्राकृतिक स्रोतको उचित उपभोग मात्र नभई नदी व्यवस्थापनमा पनि ठूलो सहयोग पुग्नेछ। निर्माणका लागि आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवा आदि समयमै वैज्ञानिक तरिकाद्वारा सङ्कलन हुँदा स्रोतमा आधारित उद्योगहरु र निर्माणका योजनाहरु सञ्चालनमा रही स्थानीयस्तरदेखि राष्ट्रियस्तरसम्म आपूर्तिको व्यवस्था हुनसक्छ। स्थानीयस्तरमा रोजगारीको श्रृजना हुनुका साथै नगरपालिकालाई प्रत्यक्ष रुपमा राजश्व प्राप्त हुनेछ।

कुश्मा नगरपालिकाभित्र पर्ने कालीगण्डकी नदीको क्षेत्रमा धेरै जनघनत्व भएको वस्ती, सांस्कृतिक सम्पदा क्षेत्र, संरक्षित क्षेत्र, सिमसार क्षेत्र तथा चुरे क्षेत्र पर्दैन। कालीगण्डकी-तिनाउ डाइभर्सन आयोजनाको रणनीतिक वातावरणीय विश्लेषण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा आयोजनाले कालीगण्डकी नदीका सांस्कृतिक र धार्मिक महत्त्वलाई अतिक्रमण हुन नदिन र ammonite fossils लाई नदीमा बचाइ राख्न अपनाइने उपायहरुको समेत अध्ययन गरी आयोजना कार्यान्वयनको चरणमा उक्त उपायहरुको कार्यान्वयन गरिने नै छ। प्रभावहरुको न्यूनीकरण र संलग्न वातावरणीय अनुगमन योजना कार्यान्वयन गरी तोकिएको स्थान र परीणामभित्र रहने गरी **वातावरण संरक्षण नियमावली, २०७७** को अनुसूची-२ को दायराभित्र पर्ने हुनाले प्रारम्भिक वातावरणीय परीक्षण नै पर्याप्त हुने देखिन्छ। सो बमोजिम काम गर्दा कुश्मा

नगरपालिका कुश्मा पर्वतका पक्षमा रिट जारी गरी रहनुपर्ने अवस्था छैन। कुश्मा नगरपालिकाले संविधान र ऐन कानून बमोजिमका जिम्मेवारी सवै पूरा गरिरहेको अवस्थामा निवेदकले व्यक्तिगत स्वार्थ र गलत नियतका साथ दायर गरेको उत्प्रेषणयुक्त परमादेशको रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको **कुश्मा नगरपालिका कार्यालय, पर्वत**का तर्फबाट पेस हुन आएको मिति २०७८।०५।०२ को लिखित जवाफ।

२३. कुनै पनि आयोजनाको विकास र निर्माणको क्रममा वातावरण संरक्षण सम्बन्धी प्रचलित कानूनको प्रतिकूल नहुने गरी वातावरणीय प्रभाव मूल्याङ्कनको आधारमा वातावरणमा प्रतिकूल प्रभाव हुन नपाउने मापदण्ड अपनाइने, कालीगण्डकी डाइभर्सन परियोजना सञ्चालन गर्दा पनि कालीगण्डकीको सम्पूर्ण पानी डाइभर्ट नहुने हुँदा तल्लो तटीय क्षेत्रको धार्मिक, सांस्कृतिक परम्परामा कुनै प्रतिकूल असर नपर्ने र देवघाटमा त्रिसुली नदी समेत मिसिएपछि पानीको बहाव समेतमा कमी नआउने हुँदा विश्व सम्पदामा सूचीकृत चितवन राष्ट्रिय निकुञ्जलाई कुनै किसिमको खतरा नहुने, नदीजन्य पदार्थको उत्खनन् गर्न सोको नियमन र व्यवस्थापनका लागि प्रदेश सरकारबाट आवश्यक नीतिगत र कानूनी व्यवस्था गरेर मात्र नदीजन्य पदार्थ उत्खनन् गरिने हुँदा प्रदेश सरकारले कालीगण्डकी नदीमा नदीजन्य पदार्थको उत्खनन्को अनुमति कसैलाई नदीएको अवस्थामा र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशको के कस्तो काम कारबाही वा निर्णयबाट निवेदकको संविधान प्रदत्त मौलिक हकमा प्रतिकूल असर पुगेको भन्ने कुनै बेहोरासम्म पनि उल्लेख नगरी यस कार्यालयलाई समेत विपक्षी बनाइ दायर भएको आधारहीन र हचुवा रिट निवेदन यस कार्यालयको हकमा खारेज गरिपाउँ भन्ने समेत बेहोराको **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश**का तर्फबाट पेस हुन आएको मिति २०७८।०५।०२ को लिखित जवाफ।

२४. मुलुक सङ्घीय संरचनामा गइसकेपछि प्राकृतिक स्रोत र साधनहरुको संरक्षण, सम्वर्द्धन तथा उपयोगको अधिकार स्थानीय तहहरुलाई प्रदान गरेको छ। **ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७** बमोजिम नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री सम्बन्धी प्रक्रियाको अनुगमन गर्न जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा अनुगमन समिति रहेको र समय/समयमा

उक्त समितिको बैठक बसी ढुङ्गा, गिट्टी बालुवाको उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धमा भएका बैठकका निर्णयहरु तथा मापदण्डमा भएका प्रावधानहरुको अक्षरांस पालना गर्नका लागि सम्बन्धित स्थानीय तहहरुमा कार्यान्वयनका लागि लेखी पठाउने र अनुगमन गर्ने गरिएको छ।

प्राकृतिक स्रोतहरुको संरक्षण र उपयोग जस्तो संवेदनशील विषय श्री कालीगण्डकी सभ्यता, संस्कृति, धार्मिक स्थलहरुको संरक्षण र सम्वर्द्धनमा यस समितिबाट सरोकारवाला निकायहरुसँग सधै समन्वयात्मक भूमिका निर्वाह गर्दै आएको हुँदा यस समितिलाई विपक्षी बनाइएको एवम् यस समितिबाट कालीगण्डकी नदी र विपक्षीहरुको हक अधिकार हनन हुने कुनै निर्णय, कामकारबाहीहरु नगरिएकोले झुठ्ठा रिट निवेदन जिकिर खारेज गरिपाउ भन्ने समेत बेहोराको **जिल्ला समन्वय समिति, स्याङ्जा**का तर्फबाट पेस हुन आएको मिति २०७८।०५।०४ को लिखित जवाफ।

२५. जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा अनुगमन समिति रहेको र समय समयमा उक्त समितिले अनुगमन पश्चात समितिको बैठक बसी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धमा भएका सुझाव र बैठकका निर्णयहरु तथा मापदण्डमा भएका प्रावधानहरुको कार्यान्वयनका जिल्ला स्थित स्थानीय तहहरुमा कार्यान्वयनका लागि लेखी पठाउने गरिएको छ। श्री कालीगण्डकी सभ्यता, संस्कृति, धार्मिक स्थलहरुको संरक्षण र सम्वर्द्धनको साथै अन्य प्राकृतिक स्रोतहरुको संरक्षण र उपयोग जस्तो संवेदनशील विषयमा यस समितिबाट सरोकारवाला निकायहरुसँग सधैं कानूनले तोके बमोजिम समन्वयात्मक भूमिका निर्वाह गर्ने गरिएको छ। विश्वकै महत्त्वपूर्ण प्राकृतिक स्रोतको रुपमा रहेको पौराणिक, धार्मिक, सांस्कृतिक महत्त्वको श्री कालीगण्डकी नदीको संरक्षण र सम्वर्द्धनमा यस समितिले कानूनले दिएको अधिकार अन्तर्गत रही आफ्नो अनुगमन तथा समन्वयकारी भूमिका निर्वाह गर्दै आएकोले विपक्षीको झुठ्ठा रिट निवेदन खारेज गरी पाउ भन्ने समेत बेहोराको **जिल्ला समन्वय समिति, बागलुङ**का तर्फबाट पेस हुन आएको मिति २०७८।०५।१६ को लिखित जवाफ।

२६. विपक्षी रिट निवेदकको कालीगण्डकी प्राकृतिक पथ पथान्तरणका सन्दर्भमा लिनुभएको दावी यस भेगका आम नागरिकको समेत चासो र सरोकार रहेको गम्भीर विषय भए

तापनि निज विपक्षीहरुले नेपालको संविधानको मर्म, नीति निर्देशक सिद्धान्त तथा कानून समेतका आधारमा वातावरणीय मूल्याङ्कन समेत गरी वातावरणमा असर नपुग्ने गरी गरिने प्राकृतिक स्रोतको प्रयोगमा समेत रोक लगाउने गरी गलत मनसाय बनाइ रिट निवेदन लिई आएको अवस्था छ। यस नगरपालिकाले कालीगण्डकीमा कुनै प्रकारले फोहोरमैला नफालेको, गैरकानूनी तरिकाले नदीबाट कुनै पनि खनिज पदार्थ ननिकालेको, फोहोरमैला व्यवस्थापन गर्दा फोहोर बर्गिकरण गरी सङ्कलन गर्ने गरेको र त्यसलाई सोही अनुसार पुनः प्रयोग गर्ने फोहोर, पुन प्रयोग नहुने तत्काल सड्ने फोहोर र प्रयोग नहुने तत्काल नसड्ने फोहोर गरी त्यसलाई व्यवस्थापन गर्दै आइरहेको छ। यस नगरपालिकाले हालसम्म सेफ्टी ट्याङ्कीमा नै जोड दिँदै आएको र ढल निकासीको आवश्यकता नै नपरेको अवस्था विद्यमान छ। साथै, यस रामपुर नगरपालिकाले नदीको प्राकृतिक पथ पथान्तरण समेत नगराएको र गराउने कुनै योजना समेत नरहेको, वातावरणीय प्रभाव मूल्याङ्कन गरी नदी तथा नदीजन्य सामग्रीहरुको प्रयोग गरी विकास निर्माणमा आवश्यक खनिज निकाल्ने कार्य कानूनसम्वत तवरबाट गरे गराएको हुँदा यस रामपुर नगरपालिकाका हकमा रिट निवेदन खारेज गरी पाउ भन्ने समेत बेहोराको **पाल्पा जिल्ला, रामपुर नगरपालिका कार्यालय**का तर्फबाट पेस हुन आएको मिति २०७८।०५।१५ को लिखित जवाफ।

२७. गण्डकी प्रदेश सरकारले **ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, सङ्कलन, क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५** जारी गरी ढुङ्गा, गिट्टी र बालुवा सङ्कलन, उत्खनन् र निकासीको अनुमति दिनु पूर्व प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) तयार गरी स्वीकृत भएपछि मात्र सो प्रतिवेदनको अधिनमा रही कार्य गर्नुपर्ने व्यवस्था गरेको छ। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।०४।०५ को बैठकबाट स्वीकृत ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ मा नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्रीको सम्बन्धमा विभिन्न व्यवस्थाहरु गरेको छ। सोही मुताविक यस पालिकाले हुवहु पालना गरको कुरा निवेदन गर्दछौं। यस नगरपालिकाले ऐतिहासिक कालीगण्डकी नदीको नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री वितरणका लागि कुनै निर्णय गरेको छैन भने अन्य स्थानीय खोलाका लागि मिति २०७६।०४।१० मा टेण्डरका

लागि सूचना प्रकाशित गरे तापनि हालसम्म कुनै सम्झौता भएको छैन। अझ यस पालिकाले चोरीजन्य रुपमा स्थानीय खोलामा ट्रायक्टर प्रयोग गरी खोलाको गिट्टी, ढुङ्गा बालुवा उत्खनन् गरी लैजानेलाई सजाय गर्ने समेत निर्णय भएको छ।

रिट निवेदकले विभिन्न प्रकरणमा दावी गरेको फोहोरमैला व्यवस्थापन सम्बन्धी विषयको सन्दर्भमा यस नगरपालिकाको फोहोर व्यवस्थापन गर्दा फोहोरको वर्गीकरण गरी सङ्कलन गर्ने, सङ्कलित फोहोर मध्ये कुहिने फोहोरहरु आफ्नै करेसावारीमा कम्पोष्ट मल बनाउने र नकुहिने फोहोर व्यवस्थापन गर्नका लागि स्थानीय कोप्चेघाटमा व्यवस्थापन गरिएको छ। नाली तथा ढल व्यवस्थापनको लागि खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय तथा यस नगरपालिकाको कार्यालयको समन्वयमा Treatment Plant सहितको DPR तयार गरी आगामी योजनामा कार्यान्वयन गर्ने चरणमा रहेको छ। विपक्षीले मागदावी लिए जस्तो सोझै कालीगण्डकी नदीमा फोहोर व्यवस्थापन र ढल मिसाइएको अवस्था नभएकाले यस नगरपालिकाको हकमा रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको **बागलुङ जिल्ला, जैमिनी नगरपालिका**का तर्फबाट पेस हुन आएको मिति २०७८।०५।२१ को लिखित जवाफ।

२८. बागलुङ नगरपालिकाको कार्यक्षेत्रभित्रको स्थानमा प्रचलित कानून बमोजिम कालीगण्डकी नदीको धार्मिक आस्थामा कुनै आँच पुग्न नदीई कालीगण्डकीको संरक्षण गर्दै आई राखिएको र मिति २०७६।०२।१० मा यस बागलुङ नगरपालिकाका नगरप्रमुख जनक राज पौडेलले तत्कालिन मुख्यमन्त्रीलाई च.नं.२८०७ बाट बागलुङ नगरपालिकाको तर्फबाट वातावरण संरक्षण ऐन नियमावली बमोजिम नदीमा मेसिन औजारको प्रयोगमा रोक लगाइएको तर पर्वत तर्फबाट नदीजन्य पदार्थ उत्खनन् गर्दा मेसिन औजारको अधिकतम् प्रयोग भई नदीको बहाव परिवर्तन हुने अवस्था देखिएको जथाभावी प्राकृतिक स्रोत र साधनको दोहन कार्य रोकथामका लागि अनुरोध गर्दै पठाइएको पत्र बमोजिम मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय गण्डकी प्रदेश पोखराबाट मिति २०७६।२।१४ मा च.नं.१५५४ बाट उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेश पोखरालाई उक्त दोहन कार्य रोकथामका लागि अविलम्ब सो कार्य रोकी यस कार्यालयलाई जानकारी पठाउनु भनी आदेशानुसारको पत्रको बोधार्थ यस बागलुङ नगरपालिकालाई पठाइएको हुँदा प्रस्तुत रिट निवेदन दर्ता हुनु भन्दा अगावै

आवश्यक कार्य अगाडि बढाइ राखिएको एवम् नगरवासीहरुको कालीगण्डकी नदीको संरक्षण, विकासको चाहनालाई मध्येनजर गरी शालिग्राम एवम् पवित्र नदी कालीगण्डकीको संरक्षण सम्वर्द्धन गर्दै कालीगण्डकी नदीलाई अनावश्यक तरिकाले ढुङ्गा, गिट्टी, बालुवा समेत झिक्नबाट रोकी संरक्षण गरी आएको हुँदा विपक्षीको रिट निवेदन खारेज भागी हुँदा खारेज गरी पाउ भन्ने समेत बेहोराको **प्रदेश गण्डकी, बागलुङ जिल्ला, बागलुङ नगरपालिका**का तर्फबाट पेस हुन आएको मिति २०७८।०५।३० को लिखित जवाफ।

२९. रिट निवेदनमा उल्लेख भएजस्तो कालीगण्डकी नदीको पथान्तरण गर्ने वा त्यहाँ भएका प्राकृतिक, धार्मिक एवम् सांस्कृतिक महत्त्वका कुनै वस्तु एवम् जलचर, स्थलचर लगायतको चोरी निकासी गर्ने आदि कुनै पनि कार्य गरेको नभई प्रचलित कानून बमोजिम संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन समेतको आधारमा कालीगण्डकी नदीको रिडी र रुद्रबिनी क्षेत्रबाट वातावरण मैत्री ढङ्गले निश्चित मात्राको ढुङ्गा गिट्टी तथा बालुवाको उत्खनन् तथा सङ्कलनको कार्य गर्दा तल्लो तटीय क्षेत्रमा गिट्टी तथा बालुवाको थिग्रान बढ्न नदीने तथा यसको कारणले हुनसक्ने निजी तथा सरकारी जग्गामा तटीय कटान नियन्त्रण गर्दै खोलाको बहाव तथा धारलाई यथास्थितिमा निरन्तर बग्न दिने गरी उत्खनन् तथा सङ्कलन कार्य गर्न आवश्यक अनुमति तथा स्वीकृति लिई सो प्रयोजनको लागि मात्र बोलपत्र आह्वान भई कार्य प्रारम्भ भएको अवस्था हो। गाउँपालिकाले ढुङ्गा, गिट्टी तथा बालुवाको उत्खनन् गर्दा वातावरणीय व्यवस्थापन सम्बन्धी योजना बनाएर नै कार्य गर्ने प्रतिवद्धता व्यक्त गरेको छ। वातावरणीय अध्ययन प्रतिवेदनको दफा २.९ मा सुझाइएका विभिन्न १२ बुँदा बमोजिमको सावधानीहरु अपनाउने, उत्खनन्को उद्धेश्य उक्त प्रतिवेदनको दफा ३.४.१ म उल्लेख भए बमोजिम (बाढी भूक्षय तथा नदी कटान आदि न्यून गर्ने, सङ्कलन तथा उत्खनन् कार्यलाई दिगो एवम् वातावरण मैत्री बनाउने, रोजगारीका अवसर सिर्जना गरी राष्ट्रिय आय वृद्धि गर्न सहयोग पुऱ्याउने, स्थानीय स्रोतको सदुपयोग गर्ने, प्रभाबित क्षेत्रबाट प्राप्त स्रोतबाट विकास निर्माणलाई प्राथमिकता दिने आदि) रहेको छ। त्यसैगरी कार्यको क्षेत्र निर्धारण गर्दा प्रतिवेदनको दफा ३.४.४ मा उल्लेख भए बमोजिम उच्चतम बहाव क्षेत्रभित्रको वगरबाट मात्र सङ्कलन गर्ने, पानीको सतह भन्दा कम्तीमा १०/१० मीटरसम्मको कुनै स्रोत सङ्कलन नगर्ने, नदीको

धार नै परिवर्तन हुने गरी स्रोत सङ्कलन नगर्ने, वगर क्षेत्र किनारको नजिकको जङ्गललाई असर नगर्ने गरी सङ्कलन गर्ने आदि शर्तहरु रहेका छन्। बोलपत्र आह्वान गरेको सूचनामा प्रस्ट रुपमा प्रचलित ऐन, नियम, नेपाल सरकार र प्रदेश सरकारले तोकेको मापदण्ड, गाउँपालिकाले स्वीकृत गरेको वातावरणीय अध्ययन प्रतिवेदन र गाउँपालिकाको सुझाव एवम् निर्देशन पूर्ण रुपमा पालना गर्नुपर्ने शर्त निर्धारण गरी बोलपत्र आह्वान गरिएको र ठेक्का सम्झौता गर्दा उल्लिखित सम्पूर्ण शर्तहरु पालना गर्ने गरी ठेक्का सम्झौता पत्रको रुपरेखा एवम् नमुना समेत तयार गरिएको अवस्था रहे भएको परिप्रेक्ष्यमा रिट निवेदन खारेजभागी रहेको छ भन्ने समेत बेहोराको **गुल्मी जिल्ला, रुरुक्षेत्र गाउँपालिका**का तर्फबाट पेस हुन आएको मिति २०७८।०७।०४ को लिखित जवाफ।

३०. रिट निवेदकको मागदावी बमोजिम रुरु क्षेत्र गाउँपालिकाले सञ्चालन गरेको परियोजना समेत रोक्ने गरी सम्मानित अदालतबाट आदेश जारी भएको अवस्थामा उक्त गाउँपालिकाको वडा नं. १ र २ मा पर्ने रिडी र रुद्रबेणी क्षेत्रमा ढुङ्गा, रोडा, गिट्टी तथा बालुवा थुप्रिन गई वर्षाद्मा आउने बाढीबाट बजार क्षेत्र एवम् वस्ती समेत असुरक्षित भई धनजनको अपुरणीय क्षति हुने प्रवल सम्भावना रहेको कुरा जिल्ला विपद् व्यवस्थापन समितिको निणर्य एवम् ठहर रहेको र सम्भावित जोखिमबाट स्थानीय जनताहरु भयवित भई निजहरुको आग्रहमा उक्त क्षेत्रको ढुङ्गा, गिट्टी तथा बालुवा निकाल्नुपर्ने स्थानीय जनताको मागलाई सम्बोधन गरी स्थानीय गाउँपालिकाले प्रचलित कानून र निर्धारित मापदण्ड अनुसार नै परियोजना सञ्चालन गर्नुपर्ने अवस्था रहेको छ। उक्त परियोजनाबाट वातावरण, पर्यावरण र अन्य कुनै धार्मिक तथा सांस्कृतिक क्षति नहुने गरी स्थानीय बासिन्दाको निजी तथा सरकारी जग्गाको सुरक्षा तथा मानव वस्तीमा हुन सक्ने सम्भावित ठूलो क्षति रोक्न परियोजना सञ्चालन गर्नु पर्ने स्थानीय तहको ठहर रहेको र सो कार्यको अनुगमन समेत निरन्तर हुँदै जाने अवस्था रहेकोले प्रभावित क्षेत्रको अवलोकन नै नगरी कुनै प्राविधिक अध्ययन विश्लेषण बिना नै हचुवाका आधारमा अनिवार्य रुपमा झिक्नु हटाउने पर्ने ढुङ्गा, गिट्टी बालुवा नहटाउन माग गरी दायर भएको रिट निवेदन माग बमोजिम आदेश जारी हुनुपर्ने अवस्था कदापी नहुँदा यस जिल्ला समन्वय समिति उपरको रिट निवेदन औचित्यहीन रही खारेज भागी छ भन्ने समेत

बेहोराको **जिल्ला समन्वय समिति, गुल्मी लम्घास**का तर्फबाट पेस हुन आएको मिति २०७८।०७।०४ को लिखित जवाफ।

३१. जिल्ला प्रशासन कार्यालय गुल्मीको तर्फबाट संविधान, प्रचलित कानून, अन्तर्राष्ट्रिय सन्धि सम्झौता र नेपाल सरकारका नीति योजना समेतको विपरीत हुने गरी कालीगण्डकी नदीको पवित्रतामा असर पर्ने खालका कुनै पनि किसिमको ढल मिसाउने, पथान्तरण (Diversion) गर्ने, फोहोर फाल्ने, दोहन (नदीजन्य पदार्थहरु झिक्ने) तीर्थ स्थलहरुको संस्कृति र गरिमामा प्रत्यक्ष असर पर्ने गरी कुनै स्वीकृति तथा आदेश निर्देश नगरिएको, उक्त धार्मिक क्षेत्रमा आवश्यक अनुगमन तथा निरीक्षणको लागि यस जिल्ला प्रशासन कार्यालयलाई अनुरोध भएको अवस्थामा अनुगमन तथा निरीक्षण गरी समन्यवयको भूमिकामा जिल्ला प्रशासन कार्यालय सक्रिय रहेको र पछिका दिनहरुमा समेत समन्वयको लागि अनुरोध भई आएमा अनुगमन निरीक्षण गरिने नै हुँदा यस कार्यालयबाट कालीगण्डकी नदीको क्षयीकरण एवम् दोहन हुने गरी कार्य गर्न निर्णय एवम् आदेश नभएकोले यस कार्यालयलाई विपक्षी बनाइ दायर भएको रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत बेहोराको **जिल्ला प्रशासन कार्यालय, गुल्मी**का तर्फबाट पेस हुन आएको मिति २०७८।०६।१९ को लिखित जवाफ।

३२. यस जिल्ला समन्वय समितिले कालीगण्डकी नदीबाट कसैलाइ ठेक्का दिई गिट्टी, बालुवा, ढुङ्गा आदी निकाल्ने प्रयोजनको लागि कोही कसैलाई बोल कबोल वा कुनै सम्झौताबाट कर उठाउने तरिकाबाट कुनै पनि काम नगरेको र सो कार्यहरु यस समितिबाट नहुने हुँदा यस समितिलाई विपक्षी बनाउनुपर्ने आधार र कारण नभएको तथा यसै सन्दर्भमा अधिवक्ता चिरञ्जिवी शर्मा निवेदक र यस जिल्ला समन्वय समिति मुस्ताङ समेत प्रत्यर्थी भै उच्च अदालत पोखरा बागलुङ ईजलासमा चलेको यसै सन्दर्भको उत्प्रेषण परमादेश रिट निवेदनमा सम्मानित अदालतबाट आदेश जारी भै सो आदेश कार्यान्वय भैरहेको अवस्था हुँदा एउटै विषयमा थप आदेश जारी हुनुपर्ने अवस्था नहुँदा यस समितिको हकमा प्रस्तुत रिट निवेदन खारेज गरी पाउ भन्ने समेत बेहोराको **जिल्ला समन्वय समिति मुस्ताङ**का तर्फबाट पेस हुन आएको मिति २०७८।०४।२६ को लिखित जवाफ।

## यस अदालतको आदेश

३३. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस

हुन आएको प्रस्तुत रिट निवेदनमा मिसिल संलग्न कागजातहरुको अध्ययन गरियो।

३४. निवेदक विद्वान वरिष्ठ अधिवक्ताहरु श्री प्रकाशमणि शर्मा र श्री दिनेश त्रिपाठी एवम् विद्वान अधिवक्ताहरु श्री विष्णुप्रसाद भुषाल, श्री निर्मला भट्ट, श्री खगेन्द्र सुवेदी, श्री लक्ष्मीनानी थापा, श्री संजय अधिकारी र श्री रुपा बस्नेत स्वयंम तथा निवेदकको तर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री ध्रुवलाल श्रेष्ठ एवम् विद्वान अधिवक्ताहरु श्री सुगम पुडासैनी, श्री दिलराज खनाल, श्री कमल कोईराला र श्री उर्वशी घिमिरेले कालीगण्डकी- तिनाउ डाइभर्सन बहुउद्धेशीय आयोजनाको नाममा जलविद्युत र सिँचाइका लागि नदी पथान्तरण (Diversion) गर्ने, ड्याम बनाउने र स्थानीय सरकारले श्री कालीगण्डकी जस्तो पवित्र नदीबाट नदीजन्य गिट्टी बालुवा मनपरी र गैरकानूनी ढङ्गबाट निकाल्ने/झिक्ने, फोहोर ढल आदि मिसाउने लगायतका कार्य नेपालको संविधानले सुनिश्चित गरेका धार्मिक, सांस्कृतिक एवम् स्वच्छ वातावरणमा बाँच्न पाउने हक, सांस्कृतिक, धार्मिक, सम्पदा, परम्पराको संरक्षणका मौलिक हकहरु तथा राज्यका निर्देशक सिद्धान्त साथै तल्लो तटीय जनताको अधिकार सम्बन्धी सिद्धान्त (Lower riparian water right) तथा सङ्घीयताको मर्म मूल्य मान्यता समेतको विपरीत रहेको हुँदा सो सम्बन्धका सम्पूर्ण निर्णयहरु उत्प्रेषणको आदेशले बदर गरी श्री कालीगण्डकी र सो जस्ता अन्य पवित्र नदीहरु समेतबाट नदीजन्य पदार्थ निकाल्न नदिनुका साथै श्री कालीगण्डकीको प्राकृतिक बहावलाइ अवरुद्ध पार्ने गरी बनाइएका सम्पूर्ण संरचनाहरु हटाउनु, हटाउन लगाउनु र श्री कालीगण्डकी नदीलाई प्राकृतिक रुपमा नै बग्न दिने दिलाउने व्यवस्था गर्नु, गराउनु भनी नेपाल सरकारका सम्बन्धित मन्त्रालय र निकायका नाममा परमादेशको आदेश समेत जारी गरिपाउँ, बागलुङ नगरपालिका समेतका प्रत्यर्थी नगरपालिका र गाउँपालिकाहरुसमेतले श्री कालीगण्डकी नदीबाट गिट्टी बालुवा निकाल्न पाउने गरी गरेका सम्पूर्ण निर्णयहरु र निकाल्न दिएका सम्पूर्ण ठेक्का पट्टाका सम्झौताहरु उत्प्रेषणको आदेशले बदर गरी प्रत्यर्थी नगरपालिका र गाउँपालिकाहरु समेतले उक्त कार्य तत्काल रोक्नु, रोक्न लगाउनु भनी नेपाल सरकार, गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय, प्रहरी प्रदेश कार्यालय र बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङ लगायतका प्रत्यर्थी जिल्ला प्रशासन कार्यालयहरुको नाममा परमादेशको आदेश जारी गरिपाउँ, प्रत्यर्थी नगरपालिका र गाउँपालिकाहरुसमेतले श्री कालीगण्डकी जस्तो पवित्र

नदीमा ढल मिसाउने फोहोर फाल्ने लगायतका कार्य गरी रहेको हुँदा उक्त सम्पूर्ण कार्य तत्काल रोक्नु, फोहर फाल्ने कार्य नगर्नु नगराउनु साथै अहिले उक्त क्षेत्रमा भएका फोहोर तत्काल हटाउनु भनी प्रत्यर्थीहरु सबैका नाममा परमादेशको आदेश जारी गरी नेपाल सरकारका नाममा एक पर्याअपराध निर्देशिका जारी गरिपाउँ भनी गर्नु भएको बहस सुनियो।

३५. प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेतको तर्फबाट उपस्थित हुनु भएका विद्वान महान्यायाधिवक्ता श्री रमेश बडाल, विद्वान नायब महान्यायाधिवक्ता श्री टेकबहादुर घिमिरे, विद्वान सह-न्यायाधिवक्ताहरु श्री सूर्यराज दाहाल, श्री गोविन्द खनाल, श्री कृष्णराज पन्थ र श्री दीपशिखा मूनाकमी एवम् विद्वान उप-न्यायाधिवक्ता श्री अमित उप्रेतीले वातावरण संरक्षण ऐन, २०७६ को दफा ९ को व्यवस्था बमोजिम रणनीतिक वातावरणीय विश्लेषण गर्ने भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नसकेको र विस्तृत सम्भाब्यता अध्ययनबाट उक्त आयोजना कार्यान्वयन योग्य देखिएमा सोही बखत नेपाल सरकारले आवश्यकतानुसार रणनीतिक वातावरणीय विश्लेषण गर्ने वा वातावरण प्रभाव मूल्याङ्कन गर्ने हुँदा वातावरणीय अध्ययनको चरणमा नै प्रवेश गरी नसकेको र रणनीतिक वातावरण विश्लेषण तथा विस्तृत सम्भाव्यता अध्ययन पश्चात मात्र आयोजनाको यकिन गरी सोही बमोजिम हुने नै हुँदा कालीगण्डकी नदीका सांस्कृतिक र धार्मिक महत्त्वलाई अतिक्रमण गर्ने र ammonite fossils हराउँदै जाने भन्ने निराधार दावी लिई दायर भएको रिट निवेदन जिकिर निरर्थक छ। बहावजन्य (Run of the River) किसिमका विद्युत तथा सिँचाइ आयोजनाको सञ्चालन गर्दा धार्मिक तथा सांस्कृतिक पद्धतिलाई असर नपार्ने, कालीगण्डकी नदीमा ढुङ्गा, बालुवा, गिट्टी उत्खनन् सम्बन्धमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड-२०७७ बमोजिम कार्य भईरहेको समेतको अवस्थाले रिट निवेदकको कुनै हक हनन भएको नहुनाले रिट निवेदन खारेज गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

३६. प्रत्यर्थी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता श्री चिरिञ्जीवी शर्मा र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बीनी प्रदेशको तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता श्री यमलाल खनालले रिट निवेदनमा कार्यालयको कुन काम कारबाहीबाट संवैधानिक र कानूनी

व्यवस्था उल्लङ्घन भएको हो? कहीं कतै खुलेको नदेखिएकोले रिट निवेदन खारेजभागी छ भनी गर्नु भएको बहस समेत सुनियो।

३७. प्रत्यर्थी कुश्मा नगरपालिकाको तर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद सापकोटा एवम् विद्वान अधिवक्ताहरु श्री खड्गबहादुर बुढाथोकी, श्री हरिशचन्द्र सुवेदी र श्री लिलाधर सुवेदीले कालीगण्डकी-तिनाउ डाइभर्सन आयोजनाको रणनीतिक वातावरणीय विश्लेषण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा आयोजनाले कालीगण्डकी नदीका सांस्कृतिक र धार्मिक महत्त्वलाई अतिक्रमण हुन नदिन र ammonite fossils लाई नदीमा बचाइ राख्न अपनाइने उपायहरुको समेत अध्ययन गरी आयोजना कार्यान्वयनको चरणमा उक्त उपायहरुको कार्यान्वयन गरिने नै हुँदा निवेदकले व्यक्तिगत स्वार्थ र गलत नियतका साथ दायर गरेको रिट निवेदन खारेज गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

३८. प्रत्यर्थी रामपुर नगरपालिकाको तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्तात्रय श्री विरेन्द्र पाठक, श्री भुवन डोटेल र श्री अमृत पुडासैनीले किनारको सफाइ गर्ने उद्धेश्यले तटीय क्षेत्रका वासिन्दा तथा त्यहाँको धार्मिक सांस्कृतिक सम्पदा, खेतीयोग्य जमिन आदिको संरक्षणका साथै यस नगरपालिका भन्दा तल्लो तटीय क्षेत्रमा बस्ने आम नागरिकहरुको जोखिमलाई ध्यान दिनुपर्ने आफ्नो दायित्वको निर्वाह गरेको अवस्था हुँदा विपक्षीले दायर गरेको निवेदन खारेज गरी पाँउ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

३९. प्रत्यर्थी जलजला गाउँपालिकाको तर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री रमनकुमार श्रेष्ठ एवम् विद्वान अधिवक्ताहरु श्री मुरारी सापकोटा, श्री डिल्लीप्रसाद न्यौपाने र श्री पिटर कुँवरले विज्ञहरुले गरेको आई.ई.ई प्रतिवेदनको आधारमा कालिगण्डकी नदीका किनारामा थुपारिएका बालुवा, गिट्टी, ढुङ्गा लगायतका वस्तु सङ्कलन गरी उपयोग गर्दा नदी सफा हुने, विकास निर्माण अघि बढने र बगेर भारत जाने वस्तुबाट राजश्व सङ्कलन भई देश विकासमा समेत टेवा पुग्नुका साथै सबै कार्य कानून र संविधान सम्मत गरिएकोले अनुमान र हचुवाका आधारमा दायर भएको रिट निवेदन खारेज गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

४०. प्रत्यर्थी रुरु गाउँपालिकाको तर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री

इश्वरीप्रसाद भट्टराईले प्रचलित ऐन, नियम, नेपाल सरकार र प्रदेश सरकारले तोकेको मापदण्ड, गाउँपालिकाले स्वीकृत गरेको वातावरणीय अध्ययन प्रतिवेदन र गाउँपालिकाको सुझाव एवम् निर्देशन पूर्ण रुपमा पालना गर्नुपर्ने शर्त निर्धारण गरी नदीजन्य पदार्थ संकलन, विक्रीवितरण सम्बन्धी बोलपत्र आह्वान गरिएको र ठेक्का सम्झौता गर्दा उल्लिखित सम्प्ूर्ण शर्तहरु पालना गर्ने गरी ठेक्का सम्झौता पत्रको रुपरेखा एवम् नमुना समेत तयार गरिएको अवस्थामा अनुमान र हचुवाका आधारमा दायर भएको रिट निवेदन खारेजभागी रहेको छ भनी गर्नु भएको बहस समेत सुनियो।

४१. सरोकारवाला पक्षको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री शरदप्रसाद कोईराला र श्री गोपालकृष्ण घिमिरे एवम् विद्वान अधिवक्ताहरु डा. श्री दिनमणी पोखरेल, श्री इश्वर अधिकारी र श्री प्रकाश रेग्मीले मौलाकाली, कालिगण्डकी र हाईड्रो सर्पोट प्रा.लि. कम्पनीहरुले इजाजतपत्र प्राप्त गरी इजाजतपत्र प्राप्त गर्दाको शर्तको समेत पालना गरी र ई.आई.ए समेत गरी कार्य सम्पादन गर्दै आएको र बहावजन्य (Run of the River) किसिमका विद्युत तथा सिँचाइ आयोजनाको सञ्चालन गर्दा धार्मिक तथा सांस्कृतिक पद्धतिलाई असर नपार्ने हुँदा रिट निवेदन खारेज गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

४२. प्रस्तुत रिट निवेदनको तथ्यगत अवस्था हेर्दा, देवनदी श्री कृष्णागण्डकी अर्थात कालीगण्डकीको विशेष वर्णन वेद, पूराण, इतिहास, रामायण, महाभारत आदी ग्रन्थहरुमा पाईने र पौराणिक कालमा कृष्णप्रभा, मुक्तिधारा तथा चक्रनदी आदि यसका शास्त्रीय नाम रहेकोमा बर्तमान कालमा भने यस नदीको लौकिक नाम कालीगण्डकी हो। यस नदी परापूर्वकालदेखि नै सभ्यताको आश्रयका रुपमा रहेको र यसै नदी क्षेत्रबाटै आर्य सभ्यता समेत मौलाएको हो। दामोदर कुण्डबाट निस्किएर मुक्तिनाथधाम, गलेश्वरधाम, रुरु क्षेत्र धाम, त्रिवेणीधाम र देवघाटधाम र चितवन राष्ट्रिय निकुञ्ज हुँदै भारतको गंगा नदीमा श्री कालीगण्डकी नदी मिसिन पुग्छिन्। यस नदीमा भगवान विष्णुको अवतारको रुपमा मानिने एवम् विश्वमै दुर्लभ मानिने शालिग्राम समेत पाइने गरेको छ। तथापि, बाँध बाँधी पर्वतको विहाडीमा ८४८ मेगावट जलविद्युत निकाल्ने गरी अष्ट्रेलियाको SMEC कम्पनीलाई अनुमति दिइसकेको र हाल भने यसै नदीलाई पथान्तरण गरी कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्धेशीय आयोजना सञ्चालनको लागि सरकारले आवश्यक कार्य

प्रारम्भ गरेको छ। यस कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्धेशीय आयोजना सञ्चालनको कार्यले नदीमा आश्रीत समुदाय मात्र होइन जैविक विविधतामा नै असर परी विश्व सम्पदामा सूचिकृत चितवन राष्ट्रिय निकुञ्ज वरपर आश्रीत विश्वमै दुर्लभ एवम् नेपालको गौरवको रुपमा रहेको एकसिङ्गे गैंडा, एसियन हात्ती, घडियाल लगायतका जीवजन्तुहरुको अस्तित्व समेत प्रभावित भई समाप्त समेत हुन सक्छन। साथै, अदालतबाट जारी भएको आदेशको समेत कार्यान्वयन नगरी यस नदीमा बाग्लुङ सहितका नदी आसपासका नगरपालिकाहरुले फोहोर फाल्ने वा फोहरको व्यवस्थापन गर्ने कार्यहरु भएका छन् र नदीको दोहन समेत रोकिएको छैन। तसर्थ, सिँचाइ तथा जलविद्युत उत्पादन लगायत कार्यमा प्रयोग गर्ने गरी गरिएका सम्पूर्ण निर्णयहरु उत्प्रेषणको आदेशले बदर गरी यस पवित्र कालीगण्डकी नदीबाट नदीजन्य पदार्थ निकाल्न नदिनु, यसको प्राकृतिक वहावलाई परिवर्तन गर्न नदिनु, सिँचाइ तथा जलविद्युत उत्पादनमा प्रयोग गर्न नदिनु र नदीमा फोहोर मिसाउने कार्य रोक्न परमादेश जारी गरिपाउँ। साथै प्रकृतिको अधिकारको सुनिश्चता विरुद्धका कार्यलाई अपराध घोषणा गर्न निर्देशिका जारी गरिपाउँ भन्ने समेत बेहोराको रिट निवेदन रहेको देखिन्छ।

४३. प्रत्यर्थीहरुको लिखित जवाफ हेर्दा, कालीगण्डकी संरक्षण गरी आफ्नो क्षेत्रभित्र कहीं कतै ढलसमेत मिसाएको छैन। विज्ञहरुले गरेको IEE प्रतिवेदनको आधारमा कालिगण्डकी नदीका किनारामा थुपारिएका बालुवा, गिट्टी, ढुङ्गा लगायतका वस्तु सङ्कलन गरी उपयोग गर्दा नदी सफा हुने, विकास निर्माण अघि बढने र बगेर भारत जाने वस्तुबाट राजश्व सङ्कलन भई देश विकासमा समेत टेवा पुग्नुका साथै सबै कार्य कानून र संविधान सम्मत गरिएकोले अनुमान र हचुवाका आधारमा दायर भएको रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको गण्डकी प्रदेश, पर्वत जलजला गाउँपालिका कार्यालयका तर्फबाट, कालीगण्डकी नदीको प्राकृतिक बहावलाई पथान्तरण गरी रिजर्भ्वायर बनाउने, प्रदूषण गर्ने लगायतका प्राकृतिक बहाव र पर्यावरण प्रतिकूल हुने सम्बन्धमा यस कार्यालयबाट कुनै निर्णय तथा निर्देशन नभएको, यस कार्यालयको कुन काम कारबाहीबाट संवैधानिक र कानूनी व्यवस्था उल्लङ्घन भएको हो? रिट निवेदनमा कहीं कतै खुलेको नदेखिएकोले यस कार्यालयको हकमा रिट निवेदन खारेजभागी छ भन्ने समेत बेहोराको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश पोखराका तर्फबाट, कालीगण्डकी नदीको

प्राकृतिक बहाव र पर्यावरण प्रतिकूल हुने गरी यस कार्यालयबाट कुनै स्वीकृति तथा अनुमति दिने कार्य नभएकोले यस कार्यालय समेतलाई विपक्षी बनाइ दिएको रिट निवेदनमा खारेजभागी छ भन्ने समेत बेहोराको जिल्ला प्रशासन कार्यालय, तनहुँका तर्फबाट, मिति २०७७/०५/०८ मा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी मापदण्डमा भएका व्यवस्थाहरुको पूर्ण पालना गर्ने गराउने तथा नदीजन्य पदार्थको उत्खनन् गर्दा मेसिन प्रयोग गर्नुपर्ने भएमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित शर्त र सीमाभित्र रही जिल्ला विपद् व्यवस्थापन समितिको अनुमति अनिवार्य लिने भनी निर्णय गरिएको र निर्णय कार्यान्वयन गरिएको अवस्थामा संविधान, प्रचलित कानून तथा मापदण्डहरु, तालुक निकायबाट प्राप्त परिपत्र र निर्देशन तथा सम्मानित अदालतका आदेशहरुको पूर्ण पालना यस कार्यालयबाट भएको भन्ने समेत बेहोराको जिल्ला प्रशासन कार्यालय, पर्वतका तर्फबाट, कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्धेशीय आयोजना कार्यान्वयनको चरणमा वातावरणीय प्रभावहरु न्यूनीकरण गर्ने उपाय एवम् मापदण्डहरु अपनाईने, जनताको धार्मिक एवम् सांस्कृतिक आस्था एवम् विश्‍वासमा चोट नपुग्ने गरी परियोजना निर्माण गरिने, नदीमा आश्रीत जलचर तथा थलचरहरुको लागि आवश्यक पानीको वैकल्पिक व्यवस्था गरी नेपालको सविधानको धारा ३० तथा धारा ५१(ग)(१) को प्रतिकूल नहुने गरी आयोजना कार्यान्वयन गरिने तथा उक्त आयोजनाले विपक्षी निवेदक लगायत कसैको संवैधानिक एवम् कानूनी हकमा आघात नपारेकोले रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत बेहोराको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका तर्फबाट, **ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७** को दफा ९ को उपदफा (१३) मा प्रदेश तथा स्थानीय तहले समेत यस दफा बमोजिमको व्यवस्थामा प्रतिकूल असर नपर्ने गरी आ-आफ्नो क्षेत्रभित्र हुने ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थको उत्खनन्, सङ्कलन तथा बिक्री कार्यको अनुगमनको लागि आवश्यक व्यवस्था मिलाउन सक्नेछ भन्ने व्यवस्था रहेको र सो अनुसार प्रदेश कानून बन्ने प्रक्रियामा रहेको कारणले प्रादेशिक अनुगमन समिति निष्क्रिय बन्न पुगेको हो भन्ने समेत बेहोराको वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय, गण्डकी प्रदेश, पोखरा कास्कीका तर्फबाट, कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्धेशीय आयोजनाको डिटेल फिजिविलिटी अध्ययन प्रतिवेदनले कालीगण्डकीमा पानीको उपलब्धता सम्बन्धमा थप

अध्ययन गर्नुपर्ने र सोको लागि बाँध क्षेत्रमा गेजिङ स्टेसन राखी कम्तीमा २ वर्षको डाटा लिनुपर्ने र (बुँदा नं. १६.३ मा) सिँचाइ तर्फको सिँचित क्षेत्रको डाटा अध्यावधिक गर्नुपर्ने सिफारिस भई आएको सन्दर्भमा आयोजनाको बारेमा थप अध्ययन भएपछि मात्र थप कार्य अगाडि बढ्ने हुँदा अध्ययनको लागि भएका कामकारबाहीको प्रारम्भमै अदालतबाट रोकी पाउँ भन्ने प्रस्तुत रिट निवेदनको दावी अपरिपक्वताको सिद्धान्त (प्रिन्सिपल अफ इम्मेचोरिटी) विपरीत रही खारेजभागी छ। यसबाट उक्त स्थानको तल्लो तटीय क्षेत्रका छर्ती घाट, केलादी घाट, पाखिचौर घाट सहितका सबै धार्मिक तथा सांस्कृतिक क्षेत्रमा पानीको मात्रा पर्याप्त हुने र धार्मिक तथा सांस्कृतिक महत्त्व लोप हुने तथा नदी प्रणालीमा आश्रीत प्राणीको जीवनमा कुनै प्रभाव नपर्ने सुनिश्चित गरी परियोजना सञ्चालन हुने भएकोले रिट निवेदकले उल्लेख गरेको जस्तो अवस्था नहुँदा रिट निवेदन खारेजभागी छ भन्ने समेत बेहोराको नेपाल सरकार, अर्थ मन्त्रालयका तर्फबाट, कालीगण्डकी नदी धार्मिक ऐतिहासिक तथा पर्यावरणीय महत्त्व भएकोले स्थानान्तरण गर्ने, रिजर्भ्वायर बनाउने, प्रदूषण गर्ने, नदीजन्य पदार्थ निकाल्ने र शालिग्राम चोरी निकासी तथा पर्यावरण प्रतिकूल हुने अन्य कार्य नियन्त्रणका लागि कानूनको सीमाभित्र रहेर अधिकतम् प्रयास भै आएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत बेहोराको जिल्ला प्रशासन कार्यालय, म्याग्दीका तर्फबाट, यस गाउँपालिकाबाट कालीगण्डकी नदीमा रहेको ढुङ्गा, गिट्टी, बालुवाको दोहन गर्ने गरी हालसम्म कुनै ठेक्कापट्टा नदिइएको र कुनै पनि ठेक्का पट्टाको सम्झौता समेत नभएको, विश्वकै पवित्र नदीको रुपमा रहेको कालीगण्डकीको संरक्षण सम्बन्धमा यस गाउँपालिका सदैव प्रतिवद्ध समेत रहेको भन्ने समेत बेहोराको घरपझोङ गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालय, मुस्ताङका तर्फबाट, यस कार्यालयबाट कालीगण्डकी किनारबाट ढुङ्गा गिट्टी बालुवा झिक्नको लागि तथा कालीगण्डकी नदीलाई दोहन र दूषित हुने गरी हालसम्म कुनै निर्णय तथा कुनै पनि सङ्घ संस्था, व्यक्तिलाई ठेक्का दिइएको अवस्था नरहेकोमा यस कार्यालयलाई समेत विपक्षी बनाइ दायर भएको निवेदन बदरभागी छ भन्ने समेत बेहोराको जिल्ला प्रशासन कार्यालय, मुस्ताङका तर्फबाट, कानून विपरीत स्थापना भएका वा सञ्चालन भएको अवस्थामा ती कार्य बन्दमात्र होइन दण्डनीय समेत हुन्छन्। सम्बन्धित निकायबाट समय मै यस्ता विषयमा अनुगमन भएकै छ। बहावजन्य (Run of the River) किसिमका

विद्युत तथा सिँचाइ आयोजनाको सञ्चालन गर्दा धार्मिक तथा सांस्कृतिक मान्यतालाई असर नै पार्ने भन्ने होइन। आयोजनाको बारेमा थप अध्ययन भएपछि मात्र थप कार्य अगाडि बढ्ने हुँदा अहिले नै नदीको पथान्तरण गरियो भन्ने दावी हचुवा छ। रिट निवेदकले नदी आसपासका स्थानीय तहहरुले कालीगण्डकीमा फोहोर फाल्ने गरेको भन्ने दावी गरिएको सम्बन्धमा कसैले त्यसरी नदीमा फोहोर फाल्ने वा मिसाउने कार्य गरेको अवस्थामा त्यस्ता निकायका नेतृत्वलाई जवाफदेही बनाइने नै भएको हुँदा कानून बमोजिम कारबाही हुने विषयमा अदालतबाट आदेश जारी गरिपाउँ भनी रहनु पर्ने देखिँदैन भन्ने समेत बेहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका तर्फबाट, नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री सम्बन्धी प्रक्रियाको अनुगमन गर्न जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा अनुगमन समिति रहेको र समय समयमा उक्त समितिको बैठक बसी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनका कार्य गर्दा मापदण्डमा भएका प्रावधानहरुको अक्षरशः पालना गर्नका लागि सम्बन्धित स्थानीय तहहरुमा लेखी पठाउने कार्य गर्दै आएको र प्राकृतिक स्रोतको रुपमा रहेको पौराणिक, धार्मिक, सांस्कृतिक महत्त्वको श्री कालीगण्डकी नदीको संरक्षण र सम्वर्द्धनमा यस समितिलाई कानूनले दिएको अधिकार अन्तर्गत रही आफ्नो भूमिका निर्वाह गर्दै आएकोले रिट निवेदन खारेज गरी पाउ भन्ने समेत एकैमिलान बेहोराको जिल्ला समन्वय समिति पर्वत तथा जिल्ला समन्वय समिति, तनहुँका तर्फबाट, स्थानीय तहको समन्वयमा चोरी, निकासी पैठारी संरक्षण, सम्वर्द्धन गरी व्यवस्थित उत्खनन् गर्ने कार्य भएको हुँदा निवेदनमा दावी गरेको जस्तो कार्य नभएकोले यस गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरा समेतलाई विपक्षी बनाइ दायर प्रस्तुत रिट निवेदन खारेजभागी भन्ने समेत बेहोराको गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखराका तर्फबाट, यसै सन्दर्भमा उच्च अदालत पोखरा बागलुङ इजलासमा चलेको उत्प्रेषण परमादेश रिट निवेदनमा सम्मानित अदालतबाट आदेश जारी भै सो आदेश कार्यान्वयन भैरहेको अवस्थामा एउटै विषयमा थप आदेश जारी नहुने हुँदा यस समितिको हकमा प्रस्तुत रिट निवेदन खारेज गरिपाउ भन्ने समेत एकैमिलान बेहोराको जिल्ला समन्वय समिति म्याग्दी र जिल्ला समन्वय समिति मुस्ताङका जिल्ला समन्वय अधिकारीका तर्फबाट, यस मन्त्रालयबाट रिट निवेदनमा उल्लेख भएको हक अधिकार हनन् हुने काम कारबाही नभए नगरेको हुँदा

यस मन्त्रालयलाई विपक्षी बनाइ दायर भएको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत बेहोराको नेपाल सरकार, गृह मन्त्रालयका तर्फबाट, यस मन्त्रालयको के, कस्तो संलग्नता रही यस मन्त्रालयको के, कुन, काम कारबाही के, कसरी प्रचलित संविधान तथा कानून विपरीत भएको हो सो तथ्य युक्तिगत तथा तर्कसंगत रुपमा विपक्षीले रिट निवेदनमा केहि उल्लेख नगरेको र वातावरणीय अध्ययनको चरणमा नै प्रवेश गरी नसकेको हुँदा कालीगण्डकी नदीका सांस्कृतिक र धार्मिक महत्त्वलाई अतिक्रमण गर्ने र ammonite fossils हराउँदै जाने भन्ने निराधार दावी लिई दायर भएको रिट निवेदन जिकिर निरर्थक छ भन्ने समेत बेहोराको नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयका तर्फबाट, उच्च अदालत पोखरा, बागलुङ इजलासमा मिति २०७५।०२।०१ मा यस सम्बन्धमा रिट निवेदक टेकबहादुर सार्कीले निषेधाज्ञायुक्त परमादेश रिट (रिट नं.०७४-WO-००२५) दायर गरे तापनि यस कार्यालयले अनधिकृत ढङ्गले सो कार्य नगरेको ठहर गरी मिति २०७६।०८।०८ मा सो रिट निवेदन खारेज गरिदिएको र उक्त रिटमा अदालतले नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन गर्न इजाजत दिँदा वैज्ञानिक आधारका मापदण्ड तोकी प्रचलित कानूनको परिधि र प्रावधान बमोजिम वातावरणीय प्रभाव र मूल्याङ्कन गर्न भनी निर्देशनात्मक आदेश गरेकोमा सोको अक्षरशः पालना गरिएको छ। साथै, यस नगरपालिकाको फोहोर व्यवस्थापन गर्दा फोहोरको वर्गीकरण गरी सङ्कलन गर्ने, सङ्कलित फोहोर मध्ये पुनः प्रयोग हुने फोहोरलाई Recycle, Renewal and Reuse को सिद्धान्त अनुसार व्यवस्थापन गर्ने, फोहोर व्यवस्थापन गर्ने क्रममा धुवाँ निस्कने गरी व्यवस्थापन गर्न नपाइने, अस्पताल, क्लिनिक लगायतका स्वास्थ्य संस्थाबाट उत्सर्जित फोहोर प्रशोधन पश्चात लिने व्यवस्था मिलाउने गरी कार्य भइरहेको छ। विपक्षीले भने जस्तो सोझैं कालीगण्डकी नदीमा फोहोर ढल नमिसाइएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको म्याग्दी जिल्ला, बेनी नगरपालिकाको कार्यालयका तर्फबाट, प्रहरी निगरानी बढाइएको, अवैध रुपमा चोरी निकासीमा संलग्न मानिस तथा सवारी साधनलाई नियन्त्रणमा लिई कारबाहीको दायरामा ल्याइएको, स्थानीय तहको समन्वयमा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन गर्ने लगायतको कार्य भैरहेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत बेहोराको प्रहरी प्रधान कार्यालय, नक्सालका तर्फबाट, कुश्मा नगरपालिकाले संविधान र ऐन कानून

बमोजिमका जिम्मेवारी सवै पूरा गरिरहेको अवस्था र कालीगण्डकी-तिनाउ डाइभर्सन आयोजनाको रणनीतिक वातावरणीय विश्लेषण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा आयोजनाले कालीगण्डकी नदीका सांस्कृतिक र धार्मिक महत्त्वलाई अतिक्रमण हुन नदिन र ammonite fossils लाई नदीमा बचाइ राख्न अपनाइने उपायहरुको समेत अध्ययन गरी आयोजना कार्यान्वयनको चरणमा उक्त उपायहरुको कार्यान्वयन गरिने नै हुँदा निवेदकले व्यक्तिगत स्वार्थ र गलत नियतका साथ दायर गरेको उत्प्रेषणयुक्त परमादेशको रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको कुश्मा नगरपालिका कार्यालय, पर्वतका तर्फबाट, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशको के कस्तो काम कारबाही वा निर्णयबाट निवेदकको संविधान प्रदत्त मौलिक हकमा प्रतिकूल असर पुगेको भन्ने कुनै बेहोरासम्म पनि उल्लेख नगरी यस कार्यालयलाई विपक्षी बनाइ दायर भएको आधारहीन र हचुवा रिट निवेदन यस कार्यालयको हकमा खारेज गरिपाउँ भन्ने समेत बेहोराको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशका तर्फबाट, प्राकृतिक स्रोतहरुको संरक्षण र उपयोग जस्तो संवेदनशील विषय श्री कालीगण्डकी सभ्यता, संस्कृति, धार्मिक स्थलहरुको संरक्षण र सम्वर्द्धनमा यस समितिबाट सरोकारवाला निकायहरुसँग सधै समन्वयात्मक भूमिका निर्वाह गर्दै आएको हुँदा यस समितिलाई विपक्षी बनाइएको एवम् यस समितिबाट कालीगण्डकी नदी र विपक्षीहरुको हक अधिकार हनन हुने कुनै निर्णय, कामकारबाहीहरु नभएकोले रिट निवेदन खारेज गरिपाउ भन्ने समेत बेहोराको जिल्ला समन्वय समिति, स्याङ्जाका तर्फबाट, पौराणिक, धार्मिक, सांस्कृतिक महत्त्वको श्री कालीगण्डकी नदीको संरक्षण र सम्वर्द्धनमा यस समितिले कानूनले दिएको अधिकार अन्तर्गत रही आफ्नो अनुगमन तथा समन्वयकारी भूमिका निर्वाह गर्दै आएकोले रिट निवेदन खारेज गरी पाउ भन्ने समेत बेहोराको जिल्ला समन्वय समिति, बागलुङका तर्फबाट, यस रामपुर नगरपालिकाले नदीको प्राकृतिक पथ पथान्तरण समेत नगराएको र गराउने कुनै योजना समेत नरहेको, वातावरणीय प्रभाव मूल्याङ्कन गरी नदी तथा नदीजन्य सामग्रीहरुको प्रयोग गरी विकास निर्माणमा आवश्यक खनिज निकाल्ने कार्य कानूनसम्मत तवरबाट गरे गराएको हुँदा रिट निवेदन औचित्यहिन भएकोले खारेज गरी पाउ भन्ने समेत बेहोराको पाल्पा जिल्ला, रामपुर नगरपालिका कार्यालयका तर्फबाट, यस

नगरपालिकाले ऐतिहासिक कालीगण्डकी नदीको नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री वितरणका लागि कुनै निर्णय गरेको छैन भने अन्य स्थानीय खोलाका लागि टेण्डरका लागि सूचना प्रकाशित गरे तापनि हालसम्म कुनै सम्झौता भएको छैन। अझ यस पालिकाबाट चोरीजन्य रुपमा स्थानीय खोलामा ट्रायक्टर प्रयोग गरी खोलाको गिट्टी, ढुङ्गा बालुवा उत्खनन् गरी लैजानेलाई सजाय गर्ने समेत निर्णय भएको छ। विपक्षीले मागदावी लिए जस्तो सोझै कालीगण्डकी नदीमा फोहोर व्यवस्थापन र ढल मिसाइएको अवस्था नभएकाले रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको बागलुङ जिल्ला, जैमिनी नगरपालिकाका तर्फबाट, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेश पोखराबाट दोहन कार्य रोकथामका लागि अवश्यक कार्य गरी जानकारी पठाउनु भनी भएको आदेशानुसारको पत्रको बोधार्थ यस बागलुङ नगरपालिकामा प्राप्त भए अनुसार प्रस्तुत रिट निवेदन दर्ता हुनु भन्दा अगावै आवश्यक कार्य अगाडि बढाइ राखिएको एवम् नगरवासीहरुको कालीगण्डकी नदीको संरक्षण, विकासको चाहनालाई मध्येनजर गरी शालिग्राम एवम् पवित्र नदी कालीगण्डकीको संरक्षण सम्वर्द्धन गर्दै कालीगण्डकी नदीलाई अनावश्यक तरिकाले ढुङ्गा, गिट्टी, बालुवा समेत झिक्नबाट रोकी संरक्षण गरी आएको हुँदा रिट निवेदन खारेज गरी पाउ भन्ने समेत बेहोराको प्रदेश गण्डकी, बागलुङ जिल्ला, बागलुङ नगरपालिकाका तर्फबाट, बोलपत्र आह्वान गरेको सूचनामा प्रस्ट रुपमा प्रचलित ऐन, नियम, नेपाल सरकार र प्रदेश सरकारले तोकेको मापदण्ड, गाउँपालिकाले स्वीकृत गरेको वातावरणीय अध्ययन प्रतिवेदन र गाउँपालिकाको सुझाव एवम् निर्देशन पूर्ण रुपमा पालना गर्नुपर्ने शर्त निर्धारण गरी बोलपत्र आह्वान गरिएको र ठेक्का सम्झौता गर्दा उल्लिखित सम्पूर्ण शर्तहरु पालना गर्ने गरी ठेक्का सम्झौता पत्रको रुपरेखा एवम् नमुना समेत तयार गरिएको अवस्था रहे भएको परिप्रेक्ष्यमा रिट निवेदन खारेजभागी रहेको छ भन्ने समेत बेहोराको गुल्मी जिल्ला, रुरुक्षेत्र गाउँपालिकाका तर्फबाट, परियोजनाबाट वातावरण, पर्यावरण र अन्य कुनै धार्मिक तथा सांस्कृतिक क्षति नहुने गरी स्थानीय बासिन्दाको निजी तथा सरकारी जग्गाको सुरक्षा तथा मानव वस्तीमा हुन सक्ने सम्भावित ठूलो क्षति रोक्न परियोजना सञ्चालन गर्नु पर्ने स्थानीय तहको ठहर रहेको र सो कार्यको अनुगमन समेत निरन्तर हुँदै जाने अवस्था रहेकोले प्रभावित क्षेत्रको अवलोकन नै नगरी कुनै प्राविधिक अध्ययन

विश्लेषण बिना नै हचुवाका आधारमा अनिवार्य रुपमा झिक्नु हटाउने पर्ने ढुङ्गा, गिट्टी बालुवा नहटाउन माग गरी दायर भएको रिट निवेदन खारेजभागी छ भन्ने समेत बेहोराको जिल्ला समन्वय समिति, गुल्मी लम्घासका तर्फबाट र यस कार्यालयबाट कालीगण्डकी नदीको क्षयीकरण एवम् दोहन हुने गरी कार्य गर्न निर्णय एवम् आदेश नभएकोले यस कार्यालयलाई विपक्षी बनाइ दायर भएको रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत बेहोराको जिल्ला प्रशासन कार्यालय, गुल्मीका तर्फबाट पेस हुन आएको लिखित जवाफहरु देखिन्छन।

४४. यसै मुद्दासंग लगाउमा रहेको ०७७-WO-१२२१ समेतका निवेदनमा उठाएका सवालहरु समेत यस रिट निवेदनसंग अन्तरसम्बन्धित रहेकोले उक्त रिट निवेदनमा उठाईएका विषयहरुसमेत यस निवेदनमा विवेचना भएको छ।

४५. उल्लेखित बहस जिकिर तथा रिट निवेदन एवम् प्रत्यर्थीहरुका लिखित जवाफ समेतलाई अध्ययन गरी प्रस्तुत रिट निवेदन सम्बन्धमा देहायका प्रश्नहरुमा निर्णय दिनुपर्ने देखिन आयो।

**(क) कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्धेशीय आयोजना वातावरण संरक्षण ऐन,२०७६ को दफा ९ को बर्खिलाप छ वा छैन?**

**(ख) विकास नीति, कानून तथा वातावरणीय न्यायको परिप्रेक्ष्यमा कालीगण्डकी नदीको पानीको बहुउपयोगी प्रयोग एवम् ढुङ्गा, गिट्टी, बालुवा समेतका नदीजन्य पदार्थ उत्खनन् गर्न मिल्ने देखिन्छ वा देखिंदैन?**

**(ग) रिट निवेदकको माग बमोजिमका आदेश जारी हुनु पर्ने हो वा होईन?**

४६. अब **कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्धेशीय आयोजना वातावरण संरक्षण ऐन,२०७६ को दफा ९ को बर्खिलाप छ वा छैन?** भन्ने पहिलो प्रश्नको सन्दर्भमा हेर्दा, **कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्धेशीय आयोजना** अन्तर्गत कालीगण्डकी नदीमा राम्दीभन्दा साढे दुई किलोमिटर तल ड्याम निर्माण गर्ने, पाल्पाको रम्भा गाउँपालिकाको पिपलडाँडा क्षेत्रबाट २७ किलोमिटर सुरुङ खनिने, पाल्पाको तिनाउ-२ दोभानमा पानी झार्ने (दोभानमा निर्माण हुने ड्यामबाट दोभानमा ५४ मेगावाट र वेलवासमा ७२ मेगावाट गरी जम्मा १२६ मेगावाट विद्युत उत्पादन गर्ने), दोभानबाट बुटवलको वेलवाससम्म फेरि अर्को ७ कि.मी.को सुरुङ बनाएर पानी लगिने, बेलबास पुगेको पानीलाई नहरमार्फत कपिलवस्तुसम्म पुर्‍याएर सिँचाइका लागि प्रयोग गर्ने र दोभानबाट

तिनाउमा खसालिने पानी रुपन्देही बुटवल पूर्वमा सिँचाइको लागि प्रयोग गर्दा वेलवासतर्फ लगिएको पानीले पूर्वी कपिलवस्तुलाई सिञ्चित गरिदा रुपन्देही र कपिलवस्तु जिल्लाका करिब एक लाख सात हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने समेतको योजना रहेको भन्ने पाईन्छ। प्रस्तुत विषयमा नदी तथा वातावरण संरक्षण र जलस्रोतको बहुउपयोगी विकास सम्बन्धी संवैधानिक र कानूनी व्यवस्था अन्तर्गत नेपालको संविधानको प्रस्तावनामा **"विकास र सम्वृद्धिको आकांक्षा"** भन्ने उल्लेख भएबाट राज्य विकास र सम्वृद्धि गर्नका लागि प्रतिवद्ध रहेको स्पष्ट हुन्छ। त्यस्तै, संविधानको धारा ३० को उपधारा (३) मा **"राष्ट्रको विकास सम्बन्धी कार्यमा वातावरण र विकास बीच समुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गर्न यस धाराले बाधा पुऱ्याएको छैन"** भन्ने प्रावधानले विकास प्रतिकुल वातावरणलाई प्रवर्धन गर्ने नभई वातावरण संरक्षणलाई उच्च प्राथमिकतामा राखी अत्यन्त संवेदनशील भई कानून निर्माणका साथै सोको प्रभावकारी कार्यान्वयन गर्दै समयसापेक्ष ढंगमा विकासको माग सम्बोधन गर्न निर्देश गरेको छ। त्यस्तै, धारा ५१(छ)(१) मा **"राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र वातावरण अनुकूल दिगो रुपमा उपयोग गर्ने"** भन्ने नीतिगत प्रावधानले दिगो विकासको अवधारणालाई आत्मसात गरी प्राकृतिक स्रोत साधनको प्रयोग गर्नमा विशेष जोड दिनुका साथै धारा ५१(छ)(५) मा **"जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाइ औधोगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्ने"** भन्ने नीतिगत व्यवस्थाले वातावरण र विकासका कार्यहरु सन्तुलित रुपमा संचालन गर्नु पर्ने विषयलाई प्राथमिकतामा राखेको स्पष्ट हुन्छ। उपर्युक्त संविधानको प्रस्तावना र राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वसमेतले नेपालमा विकास र वातावरणबीच सन्तुलन कायम गर्दै सम्वृद्धि तर्फ उन्मुख हुने राज्यको उद्देश्यलाई उजागर गरी विकासको लागि वातावरण र प्राकृतिक स्रोत साधनको विवेकशील प्रयोगलाई संवैधानिक मान्यता प्रदान गरेको देखिन आउँछ। यसका साथै, वातावरण संरक्षण ऐन, २०७६ को दफा ९ मा **"नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका नीति, कार्यक्रम वा आयोजना कार्यान्वयन गर्नु अघि त्यस्तो**

**नीति, कार्यक्रम वा आयोजनाको सम्बन्धमा रणनीतिक वातावरणीय विश्लेषण गर्नुपर्नेछ"** भन्ने व्यवस्था रहेको छ। साथै, वातावरण संरक्षण नियमावली, २०७७ को नियमावलीको नियम १० को उपनियम (१) मा **"नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालयले ऐनको दफा ९ को उपदफा (१) को प्रयोजनको लागि रणनीतिक वातावरणीय विश्लेषण गर्नुपर्ने नीति, कार्यक्रम वा आयोजनाको सूची तयार गरी नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्नु पर्नेछ ।"** लगायतका वातावरण संरक्षण र सम्वर्दनका नीतिगत व्यवस्था गरेको पाईन्छ। प्रस्तुत **कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्धेशीय आयोजनाका सम्बन्धमा** आ.व. २०६५।०६६ मा आयोजना पहिचान भई आयोजनाको पूर्व सम्भाव्यता अध्ययन वि.सं. २०६८ साल आषाढमा भएको र वि.सं. २०७७ साल पौषमा विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न भई देहायबमोजिम सिफारिस भएको देखिन्छ।

- बुँदा नं. ३.४- बाँध क्षेत्र र माथिल्लो सम्भावित डुवान क्षेत्रको डिटेल सर्भे गर्नुपर्ने,
- बुँदा नं. ४.१४- बाँध र सुरुङको विभिन्न ठाउँहरुमा थप कोर ड्रिलिङ (खाडल) खनी भौगर्भिक अध्ययन गर्नुपर्ने,
- बुँदा नं. १६.३- कालीगण्डकीमा पानीको उपलब्धता सम्बन्धमा थप अध्ययन गर्नुपर्ने र सोको लागि बाँध क्षेत्रमा गेजिङ स्टेसन राखी कम्तीमा २ वर्षको डाटा लिनुपर्ने,
- बुँदा नं. १६.३- सिँचाइ क्षेत्रको डाटा अध्यावधिक गर्नुपर्ने।

उपर्युक्त सिफारिस बमोजिम थप अध्ययन हुन र जोखिम न्यूनिकरण सम्बन्धमा उपयुक्त कदम चाली त्यसको प्रभावकारिता सम्बन्धमा विस्तृत अध्ययन हुँदैको अवस्थामा यस अदालतमा परेको मुद्दाका कारणले आयोजना सम्बन्धी सम्पूर्ण काम कारबाही अगाडि बढ्न नसकेको अवस्था देखिन्छ।

४७. जहाँसम्म वातावरण संरक्षण ऐन, २०७६ को दफा ९ बमोजिम रणनीतिक वातावरणीय विश्लेषण नगरिएकोले कानूनबमोजिमको प्रक्रिया नपुऱ्याईएको भन्ने निवेदन मागदावी रहेको छ सो सम्बन्धमा विकास आयोजनाको वातावरणीय प्रभाव मुल्यांकन गरी विकास र वातावरण बीचको सन्तुलन कायम राख्दै आयोजनाहरु सम्पन्न हुनुपर्ने भन्ने वातावरणीय न्यायको मुलभूत सिद्धान्तसमेत रहेको छ । यस अन्तर्गत वातावरणीय न्याय

तथा कानूनी व्यवस्थाको अधिनमा रही सोही अनुरुप हाल प्रचलित वातावरण संरक्षण ऐन, २०७६ बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन गरेर मात्रै यस्ता सिँचाई एवम् विद्युत उत्पादन समेतका आयोजनाहरु अगाडि बढाउन सकिने प्रत्यर्थीको लिखित जवाफबाटै प्रष्ट देखिन आउँछ। साथै, यद्धपि, प्रस्तुत कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्धेशीय आयोजना प्रारम्भिक अध्ययनको चरणमा नै रहेको र आयोजनाका सम्बन्धमा कुनै पनि काम कारबाहीहरु अघि बढ्न नसकेको अवस्था देखिन्छ। उपरोक्त ऐन तथा नियमावलीको प्रावधान बमोजिम गरिनु पर्ने रणनीतिक वातावरणीय विश्लेषण गरी प्रतिवेदन तयार नै भै नसकेको हालको अवस्थामा प्रस्तुत **कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्धेशीय आयोजना**मा हालसम्म भएको आयोजना पूर्वका प्रारम्भिक संभाव्यता अध्ययन एवम् विस्तृत संभाव्यता अध्ययनसम्मको काम कारबाही संविधान र **वातावरण संरक्षण ऐन,२०७६ को दफा ९ को बर्खिलाप भई सकेको भन्न मिल्ने नभई प्रचलित** वातावरणीय कानून अनुकूल प्रारम्भिक अध्ययन कै क्रममा रहे भएको देखिन आयो।

४८. प्रस्तुत मुद्दाको विवेचना मूलतः कानून (Law), विकास (Development) र वातावरण (Environment) को त्रिपक्षीष सन्तुलनका अवस्थामा निरुपण हुनुपर्ने देखिन्छ। तत् सम्बन्धमा **विकास नीति, कानून तथा वातावरणीय न्यायको परिप्रेक्ष्यमा कालीगण्डकी नदीको पानीको बहुउपयोगी प्रयोग एवम् नदीजन्य सामाग्रीको उपयोगसमेतका अवस्थाका** सन्दर्भमा हेर्दा, जलस्रोतको बहुआयामिक, समन्यायिक एवम् दिगो विकास तथा बहुउपयोगबाट नेपालमा आर्थिक समृद्धि र सामाजिक रुपान्तरण हासिल गर्ने दीर्घकालीन सोच एवम् नेपालको संविधानको राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत निर्दिष्ट गरिएका नीतिगत मार्गदर्शन अनुरुप नेपाल सरकारले 'राष्ट्रिय जलस्रोत नीति, २०७७ समेत जारी गरेको पाईन्छ। उपरोक्त नीतिगत व्यवस्था अनुरुप नेपालमा नदीको बहुआयमिक प्रयोग गर्दै सिचाँई तथा जलविद्युतबाट अधिकतम लाभ प्राप्त गर्न तथा जनसंख्याको प्रकृतिसँगको सम्बन्ध समेतलाई मध्यनजर गरी दिगो विकास र उक्त नीतिगत व्यवस्थाको कार्यान्वयनका लागि बहुआयमिक प्रयोग नीति बमोजिम प्रस्तुत **कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्धेशीय आयोजना** अघि बढाइएको भन्ने देखिन आयो। महान्यायाधिवक्ताको कार्यालयको बहसनोट समेतबाट कालीगण्डकी नदीमा विद्युत आयोजनाहरु कालीगण्डकी A, जलविद्युत आयोजना १४४ मेगावाट तथा अन्य

चारवटा जलविद्युत आयोजनाले उत्पादन अनुमति पत्र प्राप्त गरिसकेको र अन्य पाँचवटा आयोजना सूचिकृत भएको भन्ने समेत भई हाल कालीगण्डकी नदीमा न्यून वातावरणीय प्रभाव एवम् सन्तुलन गर्दै आयोजनाहरु संचालन गर्ने सरकारको नीति रहेको देखिन्छ। अन्यत्र पनि यस्तै प्रकृतिको योजना सुनकोशी मरिन डाइभर्सन आयोजना तथा मेलेम्ची खानेपानी आयोजनामा समेत प्रयोग हुँदै आएको छ। तसर्थ, कालीगण्डकी नदीको जल विद्युत एवम् सिँचाई जस्ता जल विकास र वातावरणीय सन्तुलनयूक्त दिगो विकासका (Sustainable Development) नीति तथा कार्यक्रम परिलक्षित रहेको देखिन्छ।

४९. जहाँसम्म शालिग्रामको नाश हुन सक्ने भन्ने निवेदकको तर्क र दावी रहेको छ सो सम्बन्धमा कालिगण्डकी नदीमा **कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्धेशीय आयोजना** भन्दा पहिला समेत अन्य विभिन्न जलविद्युत आयोजनाहरु सञ्चालनमा नै रहेको र कालीगण्डकी नदीबाट माटो ढुङ्गा फिल्टर गरी जलमात्र जलविद्युत आयोजनामा समेत पथान्तरण गरी प्रवाह गरिने हुँदा यस आयोजनाबाट कालीगण्डकीको उदगम स्थलमा पाइने शालिग्रामको नाश हुन सक्ने भन्ने ठोस एवम् विश्वासप्रद अवस्था देखिन आउँदैन। मूलतः शालिग्राम हिमाली जिल्ला मुस्ताङ उपत्यकामा पाइने भएकोले संरक्षणको कार्यक्रम समेत त्यही क्षेत्रमा बढी केन्द्रित भएको र विवादको आयोजनामा शालिग्रामको न्यून Deposit रहेको पाईन्छ। तसर्थ, उपरोक्त कारणबाट कालीगण्डकी नदीको पानीको बहुउपयोगी प्रयोग गर्न मिल्ने र नदीको पानी पथान्तरण गर्दा आउने ढुंगा माटोसमेत फिल्टर गरी पानी मात्र पथान्तरण हुने यस आयोजनाले विश्वमा नै दुर्लभ कालिगण्डकी नदीमा मात्र पाईने शालिग्रामको नास हुन सक्ने सम्भावना रहेको भन्ने रिट निवेदकको आशंका तथ्यमा आधारित रहेको देखिएन।

५०. साथसाथै, प्रस्तुत **कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्धेशीय आयोजना** कार्य अध्ययन कै चरणमा रहेकोले प्रस्तुत रिट Doctrine of Ripeness अनुसार न्यायिक निरुपणको अवस्थामा रहेको देखिन्छ वा देखिंदैन भन्ने सवाल पनि अन्तरनिहित रहेको पाईन्छ। मुलभूत रुपमा संवैधानिक परिपक्वता (constitutional ripeness) भए, नभएको र न्यायोचित आवश्यक्ता (prudential ripeness) को आधारबाट समेत सार्वजनिक सरोकारका निवेदन अदालतले ग्रहण गर्ने वा नगर्ने अवस्था बन्न जाने हुन्छ। प्रस्तुत **कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्धेशीय आयोजना** माथि नै उल्लेख भए अनुसार हाल

प्रारम्भिक अध्ययनको चरणमा नै रहेको र आयोजना शुरु गर्ने निर्णय गर्दाको अवस्थामा अपनाउनुपर्ने कानूनी प्रक्रियाको चरणमा आई वातावरणीय पक्षको वृहद मूल्यांकन भई नसकेकोले उक्त आयोजना अहिले नितान्त कार्यपालिकाको विकासको नीतिगत योजनामा सिमित रहेको सम्म देखिन आउँछ। यस सम्बन्धमा यसै अदालतबाट यसै मुद्दासंग लगाउमा रहेको मुद्दा नं.०७७-WO-१२३१ मा भएको आदेशमा "*आयोजना हाल प्रारम्भिक अवस्थामा रहेको, प्रारम्भिक Detail Project Report(DPR) मात्र तयार रहेको र वातावरण संरक्षण ऐन अन्तर्गत तयार पार्नुपर्ने प्रारम्भिक कार्यहरु बाँकी नै रहेको तथा रिट निवेदनमा उठाइएका सरोकारवालासंगको सार्वजनिक सुनुवाई समेतका कतिपय विषयवस्तुहरु उक्त वातावरणीय प्रभाव प्रतिवेदन तयार पर्दा सम्बोधन हुने र नेपालको संविधानको धारा २६ तथा ३० मा अन्तर्निहित विषयहरुको संरक्षणको अवस्था आयोजनाको उपभोगकर्ता र नदी तटिय क्षेत्रको स्थानीय जनसहभागिताको आधारमा समेत सम्बोधन हुने भएकोले उक्त आयोजनाको प्रारम्भिक कार्यहरु नै रोक्ने गरी हाल अन्तरिम आदेश जारी गर्न मिलेन।*" भनी आदेश भएको अवस्था समेत छ। यस्तोमा आयोजना प्रारम्भिक अध्ययनको चरणमा नै रहेको अवस्थामा प्रस्तुत रिट निवेदन अपरिपक्व रुपमा दायर भएको देखिन आउँछ।

५१. साथै, आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदनले देखाएको कृषि उत्पादन समेतको प्रतिफल सम्भाव्यतामा आयोजनाको आर्थिक विश्लेषण अनुसार यसको नाफा र लागतको अनुपात (BCR) २.१२ र (IRR) आन्तरिक प्रतिफल दर १५.५% छ। आयोजनाको वित्तीय विश्लेषण अनुसार नाफा र लागतको अनुपात १.२१ र आन्तरिक प्रतिफल दर १२.६०% छ। त्यसैगरी, ईक्विटिमा नाफा र लागतको अनुपात १.०५ र आन्तरिक प्रतिफल दर १३.२८% रहेको छ। साथै, सो कालीगण्डकी नदीमा जलविद्युत उत्पादनको प्रचुर अवस्था समेत रहेको देखिन्छ। यसरी हेर्दा यी आर्थिक सूचकहरुलाई दिगो विकासका आयामहरुः सामाजिक, आर्थिक र वातावरणीय पक्षसँग समाहित गर्ने नीति रहेको समेत पाईन्छ। जुन Doctrine of parens patriae बमोजिम राज्यको अभिभावकीय कडीको रुपमा समेत रहेको मान्नु पर्ने हुन्छ। प्रस्तुत रिट निवेदन यस अदालतमा विचाराधीन रहेकोले सरकारले आयोजनासंग सम्बन्धित नियमित रुपमा गर्नुपर्ने प्रभाव मूल्यांकन सम्बन्धी अध्ययन लगायतका कार्य पनि प्रभावित हुन पुगेको देखिन्छ।

रिट निवेदकले समेत प्रस्तुत आयोजनाको बहुपक्षिय एवम् वैज्ञानिक अध्ययन गरी यस आयोजना अन्तर्गतको यस्तो कार्यक्रियाबाट यस्तो क्षति हुन सक्ने भनी वस्तुनिष्ठ ढंगबाट अध्ययन गरी प्रस्तुत रिट निवेदन परेको देखिंदैन। साथै, राष्ट्रिय गौरवका आयोजनाहरु समेत प्रभावित हुने गरी विकास निर्माण अवरुद्ध हुँदा र सोही आयोजनाका सम्बन्धमा अदालतमा मुद्दा परी कारवाही किनारा हुँदा लाग्न जाने समयका कारण आयोजनाको अत्याधिक मूल्य वृद्धि हुने, भैरहेका काम कारवाही प्रभावित हुँदा अधुरा कामका कारणले अपूरणीय नोक्सानी हुने, त्यस्ता अवान्छित अवरुद्धताको मूल्य (Cost) अन्ततोगत्वा राष्ट्रले व्यहोर्नु पर्ने, आम जनसाधारणले वर्षौं हैरानी र अनिश्चितता सहन गर्नु पर्ने समेतका अनपेक्षित प्रवृत्तिहरु प्रति अदालतसमेत संवेदनशील हुनु पर्ने अवस्था रहेको देखिन्छ।

५२. निवेदकले कालीगण्डकी नदीबाट ढुङ्गा, गिट्टी उत्खनन् गर्दा पर्ने प्रभावका सम्बन्धमा हेर्दा, कालीगण्डकी नदीबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्ने सम्बन्धमा नदी छेउ किनारका विभिन्न गाउँपालिका एवम् सो क्षेत्रका जनसाधारण नै तत् उत्खननको उपभोक्ता रहे भएको भन्ने देखिन्छ। प्रस्तुत सन्दर्भमा मूख्यतः वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४, जलस्रोत ऐन,२०४९, जल विद्युत विकास नीति, २०५८ जस्ता कानूनी प्रावधानहरु प्रत्यक्ष रुपमा सम्बन्धित रहेको पाईन्छ। नदीबाट उत्खनन् हुने ढुङ्गा, गिट्टी, बुलुवाका सम्बन्धमा वातावरण संरक्षण ऐन, २०७६ वातावरण संरक्षण, सम्वर्द्धन एवम् नियमन गर्ने मूख्य कानून भएको र यस ऐनको प्रयोग र प्रयूक्त विशेष राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना लगायतका तोकिएका ठूला आयोजना (Mega Project) प्रति लक्षित रहेको र नदीबाट उत्खनन् हुने ढुङ्गा, गिट्टी, बालुवा सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ का कानूनी व्यवस्था क्रियाशिल हुने देखिन्छ। नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूची भएको र अनुसूची ८ र अनुसूची ९ को उद्देश्य परिपूर्तिका लागि स्थानीय तहले कार्य सम्पादन गर्नुका साथै आवश्यक्तानुसार कानून समेत बनाई कार्यान्वयन गर्न सक्दछ। यसका अतिरिक्त स्थानीय तहले स्थानीय सरकार संचालन ऐन, २०७४ का कानूनी व्यवस्था बमोजिम वातावरण संरक्षण सम्वर्द्धनका विविध पक्षमा कार्यहरु गर्न सक्ने कानूनी अख्तियारी सो ऐनको परिच्छेद-३ का विभिन्न दफाहरुले प्रदान गरेको पाईन्छ। जस्तै; कुश्मा नगरपालिका पर्वतले कुश्मा नगरपालिकाको

वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन, २०७६ लागू गरेको, अन्य प्रायशः गाउँपालिका, नगरपालिकाको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिमका मापदण्ड अपनाएको एवम् नियमित अनुगमन, नियमन गरेको समेत रहेको सम्बद्ध पालिकाहरुको लिखित जवाफबाट देखिन आएको छ। साथै, लिखित जवाफकर्ता प्रत्यर्थी गाउँपालिका, नगरपालिका समेतको जिकिरमा **"ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७"** बमोजिम नै कालीगण्डकी नदीको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् एवम् विक्री व्यवस्थापन गरेको उल्लेख हुनुका साथै तत् सम्बन्धमा भएको निर्णय समेतका समर्थनयोग्य कागजात समेत पेस गरेको पाईन्छ। उक्त ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ का केही प्रमुख व्यावस्थाहरु प्रस्तुत सन्दर्भमा सान्दर्भिक देखिन आउछन। जस्तैः ऐ. मापदण्डको दफा ३ को उपदफा (१) मा **"गाउँपालिका वा नगरपालिकाले नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन गरिने क्षेत्र निर्धारण देहायको आधारमा गर्नेछः-**

**(क) नदीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन गर्ने गरी स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोकेका स्थान तथा क्षेत्रहरु,**

**(ख) नदी, खोला र खहरेमा बाढी पहिरोका कारणले ढुङ्गा, गिट्टी र माटोजन्य पदार्थ थुप्रिन गई सोको कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न भएको वा हुन सक्ने अवस्था सिर्जना भै प्राविधिक टोलीको सिफारिसका आधारमा जिल्ला विपद् व्यवस्थापन समितिद्वारा त्यस्ता पदार्थ हटाउनुपर्ने भनी विस्तृत विवरण तथा सीमाङ्कन सहित तोकेका स्थलहरु,**

**(ग) निजी जग्गाबाट उत्खनन् गरी ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ निकाल्न प्रचलित कानून बमोजिम अनुमति प्रदान गरिएको क्षेत्र।**

**(घ) प्रचलित कानून बमोजिम खानी तथा क्रसर उद्योग सञ्चालन र निर्माण सामग्री आपूर्तिको लागि तोकिएको क्षेत्र।"**

भन्ने व्यवस्था रहेको पाईन्छ। त्यसैगरी, ऐ. मापदण्डको दफा ४ को उपदफा (१) मा **"गाउँपालिका वा नगरपालिकाले नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री गर्दा देहाय बमोजिम गर्नुपर्ने छः-**

(क) **उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गर्ने,**

(ख) **प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी अधिकार प्राप्त निकायबाट स्वीकृत गर्ने, गराउने,**

(ग) **प्रत्येक वर्ष ठेक्का बन्दोवस्त गर्नु पूर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिणामलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः यकिन गर्ने,**

(घ) **गाउँसभा वा नगरसभाद्वारा स्वीकृत दरमा उत्खनन्, सङ्कलनको अनुमति र बिक्रीको लागि ठेक्का व्यवस्था मिलाउने।"** भन्ने व्यवस्था रहेको पाईन्छ।

एवम् प्रकारले अन्य दफाहरुमा नदीजन्य पदार्थ उत्खनन् विधि शर्तहरु, उत्खनन् पश्चातका कार्यहरु, बालुवा हार्भेष्टिङ्ग, जोखिम न्यूनिकरणका उपायहरु, प्रदेश एवम् संङ्घीय सरकारसंग समन्वय लगायत अन्य मापदण्डका आधार र अवस्था समेतका विहंगम व्यवस्था गरेको पाईन्छ।

५३. अतएवः माथि विवेचित निवेदन मागदाबी, लिखित जवाफको बेहोरा र सम्बद्ध कानून र लगाउमा रहेको ०७७-WO-१२२१ को समान प्रकृतिको विषयबस्तु समावेस भएको उत्प्रेषणयुक्त परमादेश मुद्दामा विवेचित आधार र कारणहरू समेतबाट प्रस्तुत **कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्धेशीय आयोजना प्राम्भिक चरणमा नै रहेको,** हचुवा तर्क र अपरिपक्व तथ्यका आधारमा विकास निर्माणलाई अवरुद्ध गर्न उचित नभएको, नेपालको वातावरण कानून बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गर्न बाँकी नै रहेको, यस विषय कार्यकारणी अधिकार अन्तर्गत निरोपण हुने विषय रहेको तथा वातावरणीय प्रभावको सम्बन्धमा थप अध्ययनबाट देखिए अनुरुप हुने नै हुँदा आयोजनाको सम्बन्धमा हाल केवल प्रारम्भिक चरणको अवस्थामा नै निवेदकहरुबाट सार्वजनिक सरोकारको मुद्दा दायर भएको देखिएकोले अपरिपक्वताको सिद्धान्त समेतका माथि प्रकरणमा वर्णित आधार कारणबाट रिट निवेदकको मागअनुसार उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। निवेदन खारेज हुने ठहरेकाले यस अदालतबाट मिति २०७८।३।२९ मा जारी भएको अन्तरिम आदेशसमेत निष्क्रिय हुन्छ।

५४. साथै, उपरोक्त उल्लेख भए बमोजिम वातावरणको संरक्षण र सम्बर्द्धनार्थ नेपालको संविधान, वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४, फोहरमैला व्याव्स्थापन ऐन, २०६८, जलस्रोत ऐन,२०४९, जल विद्युत विकास नीति, २०५८, प्रदेश एवम् स्थानीय सरकारहरुले पारित गरेका ऐन, कानून, सर्वोच्च अदालतका फैसला एवम् निर्देशन समेतको आलोकमा विकासको गतिलाई तिव्रतर बनाउन कालीगण्डकी नदीको विद्युत, सिंचाई एवम् गिट्टी, बालुवा, ढुङ्गाको उत्खनन्, संकलन तथा बिक्रीवितरण सम्बन्धमा दिगो विकासको (Sustainable Development) को अवधारणालाई केन्द्रविन्दुमा राखेर उपभोग गर्न परिलक्षित भएको पाईन्छ। वातावरण संरक्षण एवम् प्राकृतिक स्रोतसाधनको समुचित उपयोगको (Utilization of natural resources without significant adverse impact) अवस्था नेपाल जस्ता विकासोन्मूख मुलुकको अत्यावश्यकीय बाध्यता रहेको पाईन्छ। प्रस्तुत रिटमा प्रत्यर्थीहरुबाट परेको लिखित जवाफ एवम् सो समर्थनयूक्त कागजातबाट पनि कालीगण्डकी नदीको ऐतिहासिक महत्व, विद्युत एवम् सिचाँईमा जलस्रोतको उपयोग एवम् ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् सम्बन्धमा वातावरण लगायतका विकासका हर स्तम्भलाई प्रभावकारी प्रयोग एवम् प्रतिफलका निमित्त यत्नशील रहेको भन्ने देखिन्छ। साथै, सो सम्बन्धमा मुलतः कालीगण्डकी नदीको जलउपयोग एवम् ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन्, उपभोग एवम् बिक्री वितरणलाई अझ व्यवस्थित, अनुमान योग्य, प्रभावकारी अनुगमन तथा कसूर गर्नेलाई दण्डित गर्नेसमेतका रोहबाट देहाय बमोजिमको निर्देशनात्मक आदेश समेत जारी गरी दिएको छ।

(क) प्रस्तुत **कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्धेशीय आयोजना**को वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा सो आयोजनाबाट नदी तटीय क्षेत्र, जीवजन्तु, जलचर तथा भूमीमा पर्न सक्ने नकारात्मक प्रभाव एवम् असरको उचित मूल्यांकन गरी उक्त नदीमा आश्रीत जीवजन्तु, जलचरलाई प्रतिकुल प्रभाव नपर्ने साथै सो क्षेत्र आसपासको भूमि समेत सुख्खा नहुने गरी कार्य गर्नुका साथै प्राविधिक मूल्यांकन गरी आवश्यक परेको खण्डमा कालिगण्डकी नदीमा २०% वा बढी पानी समेत साविक नदीमा छोड्ने व्यवस्था मिलाउनू।

(ख) प्रस्तुत **कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्धेशीय आयोजनाबाट काली गण्डकी नदी**

र तहाँको नदीजन्य पदार्थको अनियन्त्रित दोहनलाई निरुत्साहित गरी दिगो उपयोग हुने गरी तथा श्री कालिगण्डकी नदीको अवलोकन तथा अनुभुत भावी पुस्ताले समेत गर्न पाउने गरी सो आयोजना निर्माण तथा संचालन गर्नू।

(ग) फोहोरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन प्लान्ट, कम्पोष्ट प्लाण्ट, बायो ग्यास प्लाण्ट लगायत फोहोरमैलाको सङ्कलन, प्रशोधन तथा अन्तिम विसर्जनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको क्रमिक रुपमा निर्माण तथा सञ्चालनका लागि उचित व्यवस्था गरी उत्पादित तथा संकलित फोहरमैला कालीगण्डकी नदीमा प्राविधिक दृष्टिकोणले भारवहन क्षमता भन्दा अधिक रुपमा विसर्जन गर्ने लगायतका नदी प्रदुषण हुने कार्य नगर्नू।

५५. प्रस्तुत रिट निवेदन खारेज भए तापनि विपक्षीहरुसमेत उपर जारी भएको उपर्युक्त निर्देशनात्मक आदेश कार्यान्वयनका सम्बन्धमा आवश्यक कार्य गर्न वा गराउन यस आदेशको जानकारी विपक्षीहरूलाई तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १२७ को उपनियम (४) बमोजिम प्रस्तुत आदेशको जानकारी फैसला कार्यान्वयन निर्देशनालयलाई दिनू। प्रस्तुत फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गरी रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

डा. कुमार चुडाल
**न्यायाधीश**

उक्त आदेशमा सहमत छु।

विनोद शर्मा
**न्यायाधीश**

**<u>फैसला लेखनमा सहयोग गर्नेः</u>**

इजलास अधिकृत : सुरेश खतिवडा

कम्प्युटर अपरेटर : संदिप अवाल

**इति सम्वत् २०८१ साल कात्तिक ११ गते रोज १ शुभम्-----------------------------।**